
# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ३, अङ्क ३०, पूर्णाङ्क १२५ | २०७४ पुस २६ गते बुधबार | Wednesday, 10 Jan 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## शैक्षिक संस्थालाई निजीकरण नगरौं



**दीपक भट्टराई**
*सञ्चालक, नेपाल इन्जिनियरिङ कलेज, भक्तपुर*

अन्तरवार्ता
पृष्ठ ३


## संसदीय व्यवस्थाको कहर
# जनतामाथि झन् झन् बढ्दै

■ रातो खबर संवाददाता

नेपाली कांग्रेसको नेतृत्वको परम्परागत दबाब संसदीय प्रवृत्ति र एमाले-माके गठबन्धनको सामाजिक दलाल प्रवृत्तिले देश तथा नागरिकलाई चरम दोहन गरिरहेको छ । उग्र-राष्ट्रवादको रूपमा विघटित राजतन्त्र तथा राजावादी हिन्दु धर्मवादी दलाल प्रवृत्ति जयजयकार थाप्दै गौंडो ढुकेर बसेको छ ।

नेपालमा तीनथरी शक्तिहरू छन् । जुन शक्तिको सरकार बने पनि घुमिफिरी दलाल शक्ति नै राजकीय शक्तिको बागडोर सम्हाल्न आइपुग्ने स्थिति देखिन्छ । देशमा दलाल शक्ति निजी स्वार्थको टक्करमा देश र नागरिक पिल्सिनुपरिरहेको छ । जनताको व्यवस्था नआउञ्जेल दलालको चक्रबाट पिल्सिनुको विकल्प पनि देखिन्न । जनयुद्ध र शान्तिप्रक्रियाको एउटा पक्षलाई थुनेर, लखेटेर गरिएको चुनावलाई निकास नदिने धेरैको अनुमान थियो । निर्वाचन सकिएको १ महिना बितिसक्दा पनि नयाँ सरकार गठन राहत वितरण विकास सबै कुरा लथालिङ्ग छन् । तराईको शीतलहरभन्दा पनि राजनीतिक वातावरण चिर्सिंदै र निराशाजनक हुँदै गएको छ । पाँचवर्षको लागि देश र नागरिक दोहन गर्ने मतादेश पाएका दलहरूलाई चुनावी बाटाले छोएको छैन । चुनाव हारेका दलहरू कुर्सी लम्ब्याउने र सामाजिक दलहरू रापताप मत्थर पार्ने खेलमा छन् । यसमा उनीहरू एक हदसम्म सफल पनि भएका छन् । दलाल संसदीय सत्ताको चरित्रको कारण अस्थिरता र ... बाँकी पृष्ठ ७ मा





## प्रचण्डको मरिहत्ते



■ रातो खबर संवाददाता / काठमाडौं

माके अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ एमालेमा विलयनका निमित्त अस्वाभाविक रूपमा हतारिएका छन् । परिणामतः एमाले र माओवादी केन्द्रबीचको पार्टी एकता संयोजन समितिको बैठक (हिजो मंगलबार) बसेको हो । निर्वाचनलगत्तै एकता गर्ने सहमतिमा पुगेका दुई दलबीचको एकता संयोजन समिति बैठकमा तीनवटा एजेन्डामा छलफल भएको बताइएको छ ।

एमाले अध्यक्ष केपी शर्मा स्वास्थ्यजाँचका लागि थाइल्यान्ड जानुअघि पार्टी एकतालाई मूर्तरूप दिने उद्देश्यका साथ बोलाइएको बैठकमा पार्टी एकताका लागि संयुक्त कार्यदल निर्माण, एकीकृत पार्टीको ... बाँकी पृष्ठ ८ मा

## गैर-कानुनी विद्यालय खोल्दै, विद्यार्थी लुट्दै

■ अम्बिका चन्द / काठमाडौं

रुकुममा संचालन भइरहेका चारवटा प्राविधिक विद्यालय कुनै पनि प्रक्रिया पूरा नगरी गैर-कानुनीरूपले संचालन भइरहेको तथ्य खुलेको छ । नेकपानिकट अखिल क्रान्तिकारीको पहल र नेतृत्वमा आइतबार गरिएको अनुगमनका क्रममा ती विद्यालयहरू गैर-कानुनी रूपमा संचालन भइरहेको तथ्य खुलेको हो ।

अनुगमनका क्रममा जिल्लाको मुसीकोटमा रहेको वेस्टर्न नेपाल टेक्निकल कलेज, सारांसी टेक्निकल कलेज, स्यार्पु पोलिटेक्निकल कलेज र रुकुम मल्टिपल टेक्निकल इन्स्टिच्युट गैर-कानुनीरूपमा संचालनमा रहेको पाइएको हो । सीटीइभीटीईको नाममा संचालन गरिएका ती विद्यालयहरूले विभिन्न वहानामा विद्यार्थीसँग चर्को शुल्क लिने गरेकोलगायतका गुनासो आएपछि आफ्नो संगठनको पहलमा ती विद्यालयहरूमाथि अनुगमन गरिएको नेकपानिकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य चन्द्रबहादुर बुढाले बताए । साथै, उनले गैर-कानुनी रूपले संचालनमा रहेका विद्यालयहरूबारेमा केही समय पहिलेदेखि नै गुनासो आएकोले आफ्नो संगठनले अनुगमनका लागि पहल गरेको जानकारी दिँदै विद्यार्थीको भविष्यमाथि ... बाँकी पृष्ठ ३ मा




## डा. केसीको गम्भीर आरोप

■ रातो खबर संवाददाता / काठमाडौं

सर्वोच्च अदालतले आफ्नो अवहेलना मुद्दामा वरिष्ठ चिकित्सक प्रा. डा. गोविन्द केसीसँग बयान लिएको छ । अदालतको अवहेलना मुद्दामा पक्राउ परेका डा. केसीले सर्वोच्च अदालतमा बयान दिएका हुन् ।

डा. केसीले प्रधानन्यायाधीश गोपाल पराजुलीका न्यायिक कार्यहरूको फेहरिस्त उल्लेख गर्दै बयान दिएका छन् । डा. केसीले प्रधानन्यायाधीश पराजुलीले दुई ठाउँबाट नागरिकता लिएको भन्दै उनीमाथि न्यायिक छानबिन गरी कारबाही हुनुपर्ने, अख्तियारका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीलाई सफाइ दिएको प्रकरणमा छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्नेलगायत उल्लेख गरेका छन् ।

११ बुँदामा समेटिएको लिखित बयानमा डा. केसीले पराजुलीले न्यायपालिकाको आस्था, गरिमा र स्वाधीनतालाई चुनौती दिएको भन्दै उनीबाटै अदालतको अवहेलना भएकाले पराजुलीमाथि अदालतको अवहेलनामा कारबाही गर्न मागसमेत गरेका छन् ।



अवहेलना मुद्दामा पक्राउ गरी अदालतमा उपस्थित गराउन गृह ... बाँकी पृष्ठ ७ मा

## चिसोले जनजीवन कष्टकर, स्थानीय सरकार मौन



■ रातो खबर संवाददाता /

दुईसातादेखि लगातार बढिरहेको चिसो, शीत्लहर र तराई क्षेत्रमा लागेको बाक्लो हुस्सुले गर्दा अहिलेसम्म दुईदर्जन बढीले ज्यान गुमाइसकेका छन् । यसरी जाडोको कारण ज्यान गुमाउनेहरूमा अधिकांश सप्तरी जिल्लामा रहेका छन् । सप्तरीमा मात्र चिसोले ... बाँकी पृष्ठ ३ मा

## कृष्ण पहाडीको चित्कार

यही पुस ५ गते कृष्ण पहाडीले कान्तिपुर दैनिकमा लेखेको “मतदानद्वारा हिंसाको खारेज” भन्ने लेख पढ्ने मौका मिल्यो । पहाडीले चुनावको खुब प्रशंसा गरेको, संसद्वादी “कटुवालेहरूले” निकै राम्रो शिष्टता देखाएको भन्दै धन्यवाद दिएको, चुनावमा ७० प्रतिशतभन्दा माथि भोट खसेको, मलामीले भोट हालेकोमा आनन्दित भएको चर्चा पढियो । लेखमा शीर्षकअनुसार खारेज अभियान र अभियन्ताहरूलाई निकै कठोर र तिता शब्दहरू “आततायी”, “अपराधी” ओकलेको पाइयो । लेखमा हिंसा खारेज भएको र “अपराधीहरूलाई कारबाही गर्नुपर्ने” जोड्दार माग पनि भेट्टाइयो । लेख पढेपछि यसबारे केही चर्चा गर्नुपर्ने र पहाडीको कथित मानव-अधिकारवादीको नकाब उतार्नुपर्ने आवश्यकता महसुस भयो ।

कृष्ण पहाडी सुरुमा पञ्च र पछि कांग्रेस भएर हिँडेको मान्छे भन्ने पाइन्छ । विदेशमा गएर एकाएक मानव-अधिकारको पगरी बाँधेर नेपाल फर्किएको कथा छ । पहाडीको मानव-अधिकार कस्तो हो भन्ने नबुझ्दै पहेलो गेरु वस्त्र (हिन्दु धर्मका सन्त महन्तले पैरिने गर्छन्) लगाएर हिँडेको देखियो । जनयुद्ध कालभरि जनयुद्ध र माओवादीविरुद्ध यो मानव-अधिकारवाद “खनियो” मा भालु लागे जसरी लाग्यो । एकोहोरो मओवादीलाई अपराधी बनाउन कस्सियो । जब शान्ति प्रकृया सुरु भयो यो मानव-अधिकारवाद जनयुद्धलाई “अपराध” सावित गर्न र जनयुद्धका योद्धाहरूलाई “अपराधी” सावित गर्न ओइरियो । जब प्रचण्ड–बाबुरामहरूले ‘बाँ’ गरे त्यसपछि क्रान्तिकारीहरूविरुद्ध यो मानव-अधिकारवाद पोखिन थाल्यो । सम्पूर्ण रोइकराइलाई बेवास्ता गर्दै क्रान्ति कथित लोकतन्त्र र चुनावविरुद्ध उभिन पुगेपछि र क्रान्तिको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्न थालेपछि यो मानव-अधिकारवाद हाम्रोविरुद्ध भुस्याहा कुकुर जसरी कुर्लिन थालेको छ ।

पहाडीले जसरी आततायीले बम हानेर निर्दोष नागरिकको हत्या गरेको र

**देश/परिवेश**
■ विप्लव



लोकतन्त्रलाई समाप्त पार्न खोजेको तर्क गरेका छन् । यहाँ उनले जनतालाई सरासर गलत सूचना प्रवाह गर्न खोजेको प्रष्ट देखिन्छ । उनी मानव-अधिकारवादी हुन् भने “लोकतन्त्र” भन्दा पनि कसरी मानव-अधिकारमा समस्या आयो भन्नेमा बढी चासो दिनुपर्दथ्यो । किनकि मानव-अधिकारवादीको विषय कुनै एक राजनीतिक विचारधाराको पक्षमा अर्कोलाई बद्नाम गर्नु मात्र होइन । खासमा जनताको भावना, बाँकी पृष्ठ ६ मा

## सम्पादकीय

# शीतलहरबाट जनतालाई बचाऊ

सदाझैँ यसवर्ष पनि जाडो मौसम सुरु भएसँगै देशका विभिन्न भागमा दर्जनौँ मानिसको कठ्याङ्ग्रिएर मृत्यु भएको समाचार विभिन्न सञ्चार-माध्यमबाट सार्वजनिक भइरहेका छन् । नेपालको हिमाल र पहाडमा तुलनामा तराईका जिल्लामा शीतलहरबाट जनता पीडित छन् । अत्यधिक गरिबीका कारण यस्ता समस्याहरू बारम्बार दोहोरिने गरेका छन् । बिहान-बेलका हात-मुख जोड्न पनि धौधौ हुने स्थितिमा सिमान्तकृत जनताले न्यानो कपडा, सिरक, डस्ना, ज्याकेट आदि खरिद गर्न सक्दैनन् ।

तराई क्षेत्रमा प्रायः गर्मी हुने भएकोले त्यहाँका जनताले कहिल्यै पनि बाक्ला कपडाको जोहो गर्दैनन् । तराई क्षेत्रमा करिब तीन महिना मात्र जाडो हुने भएकोले त्यहाँका अधिकांश गरिब जनताले न्यानो कपडा नै किनेका हुँदैनन् । बाक्ला र न्याना कपडा तीन महिनापछि उपयोग हुँदैनन् । कत्तिको त राख्ने ठाउँ पनि हुँदैन । तराईका जनता अधिकांश गरिबीको रेखामुनि रहेका छन् । जाडो मौसममा तराईका जनता रातभर घूर तापेर बिताउँछन् । आगो ताप्नेहरूको हात मात्रै मात्रै तातो हुने हो, शरीर तर चिसो नै हुन्छ । परालको ओछ्यान सुत्ने विपन्न तराईबासी अहिले शीतलहरका कारण मृत्युसित सङ्घर्ष गरिरहेका छन् । सरकार जनताको यस किसिमको अवस्थाबाट बेखबर देखिन्छ । कमसेकम सरकार यत्तिसम्म गैर-जिम्मेवार र अनुत्तरदायी नहुनुपर्ने हो तर नेपालमा त्यही भइरहेछ ।

नेपालको तराई क्षेत्रमा जति पनि शीतलहरका कारण बिरामी परेका छन्, मृत्युको मुखमा पस्न बाध्य छन्, तिनीहरू सम्पन्न परिवारका मानिसहरू छैनन् । ती त झुप्रोमा बस्ने नेपाली हुन् । शीतलहरले आर्थिक रूपमा सम्पन्न मानिसलाई प्रभाव पारेकै छैन । सम्पन्नशालीहरू कुनै न कुनै रूपले राज्यसत्ताको पहुँचमा पनि छन् । शीतलहरले विपन्न परिवारका वृद्धवृद्धा र बालबालिकाहरूको ज्यान गइरहेको छ । तथ्यले यो बताइरहेको छ कि तराईमा शीतलहरले जनताको मृत्यु भइरहेको होइन कि गरिबी र विपन्नताले गर्दा उनीहरूको ज्यान गइरहेको छ । सरकारको योजनाविहीनता र जनविरोधी व्यवहारका कारण जनताको ज्यान गइरहेको छ । नालायक सरकार आफ्नो कमजोरी ढाकछोप गर्न शीतलहरलाई दोष थोपरिरहेको छ । यो लज्जाको विषय हो ।

कथित निर्वाचनपश्चात् जनताका घर-आँगनमा सुख र समृद्धिको रेल कुँद्ने गुड्डी हाँक्ने सरकारले बेलैमा तराईका विपन्न जनतालाई लक्षित गरी शीतलहरबाट जनता बचाउने ठोस योजना बनाएर तत्काल कार्यान्वयनमा ल्याउन कुनै कदम चालेको छैन । सरकारले जनताका पक्षमा न्यानो कपडा बितरण, पर्याप्त औषधी र स्वास्थ्यकर्मीको व्यवस्थापन, दाउरा बितरण र पोषिलो खानेकुरा बितरण गर्ला भनेर सोच्नु बेकार भएको छ । प्रत्येक वर्ष आइरहने जाडोयाममा अकालमा ज्यान गुम्ने खतरालाई न्यूनीकरण गर्न सरकारले केही पनि कदम नचाल्नुले उसको जनताप्रतिको गैर-जवाफदेहितालाई नै प्रमाणित गर्दछ ।

राज्यले जाडो मौसम सुरु हुनपूर्व नै जाडो र शीतलहर हुने स्थानका जनताको जीवनरक्षार्थ ठोस योजनाको निर्माण र त्यसको कार्यान्वयनलाई अगाडि बढाउनुपर्दथ्यो तर जनतालाई बचाउन सरकार कुनै पनि गम्भीर योजना नै रहेको देखिँदैन ।

विश्वमा जस्तै नेपालमा पनि विगत केही वर्षदेखि जलवायु परिवर्तनका कारण जाडो मौसममा बढी चिसो र गर्मी मौसममा बढी गर्मी हुँदै गएको छ । सरकारको पर्यावरणीय सन्तुलन कायम गर्ने कागजमा ठूलठूला योजनाका बुनेको त देखिन्छ तर व्यवहारमा त्यसको कुनै परिणाम देखापर्दैन । यसर्थ, हरेक वर्षजस्तै हुने यसप्रकारका प्राकृतिक प्रकोपको न्यूनीकरण गर्न सरकार अहिलेदखि नै लाग्नुपर्दछ । अहिले तत्कालका लागि शीतलहरका कारण जनतालाई मृत्युबाट बचाउन सबै किसिमका उपायको अवलम्बन गर्नुपर्दछ । जनताको जीवनरक्षा गर्नु सरकारको दायित्व हो ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# पृथ्वीनारायण शाह र नेपाली राष्ट्रियता



अनिल शर्मा

*वस्तुको मूल्याङ्कन "भौतिक परिस्थिति र काल" को आधारमा गरिनुपर्दछ । अन्यथा हरेक पुस्ताले अग्रजलाई धारेहात लगाउँदै हिँड्ने प्रक्रिया चल्नेछ । न्यायशास्त्रमा कानुनवेत्ताहरूले कुनै घटना हुनासाथ घटनाका कारण कसलाई फाइदा भयो ? भन्ने कोणबाट अनुसन्धान सुरु गर्छन् । नेपालको एकीकरणले नेपालीलाई फाइदा भयो कि विदेशीलाई ? यो सहज दृष्टिले मात्र पनि हामीलाई सत्यको नजिक पुर्‍याउँछ । पृथ्वीनारायण शाह र नेपाल एकीकरणलाई पृथक विश्लेषण गर्ने गरेको पनि देखिन्छ ।*

हरेक वर्ष पुस २७ गते पृथ्वीजयन्ती पर्दछ । पृथ्वीनारायणको जीवन र कर्मका विषयमा अनेक बहस चलिरहेका छन् र त्यो बहस चलिरहनेछ । नेपालको एकीकरण र पृथ्वीनारायण शाहका विषयमा कम्युनिस्ट धारणा के-कस्तो हुनुपर्ला त ? यहाँ सङ्क्षिप्त चर्चा गर्न खोजिएको छ ।

पृथ्वीनारायण शाहको समयमा नेपाल बाईसेचौबीसे राज्यमा विभाजित थियो । आन्तरिक काटमारले धनजनको ठूलो क्षति भइरहेको थियो । युद्ध करले जनता आजित थिए । कुटिर उद्योग र व्यापारमा त्यसले बाधा दिइरहेको थियो । त्यसकारण ठूलो, बलियो र केन्द्रीकृत शासन आवश्यक थियो । त्यो नेपालको वस्तुगत आवश्यकता थियो । वस्तुगत रूपले पाल्पाली राज्य र काठमाडौँका मल्ल राजाहरूका लागि त्यसको नेतृत्व गर्ने अवसर थियो । तर आत्मगत रूपमा उनीहरू त्यसका लागि तयार थिएनन् । सापेक्षित रूपले सानो र आर्थिक रूपले कमजोर गोरखाका राजा पृथ्वीनारायण शाहले त्यसको नेतृत्व गरे ।

अर्कोतिर समुद्रपारबाट बाइबल र औद्योगिक वस्तु बोकेर अङ्ग्रेज कलकत्ताबाट सारा भारतीय राज्यहरू निल्दै उत्तरतिर बढ्दै थियो । अङ्ग्रेजहरू ल्हासासम्म पुग्न चाहन्थे । उनीहरूले एकातिर धर्मका नाममा घुसपैठ गर्दै थिए भने आपसमा लडिरहेका एउटा राज्यका विरुद्ध अर्कोलाई सहयोग गर्दै प्रभाव विस्तार गर्दै थियो । भारत जसरी नै सबै नेपाललाई कब्जा गर्नु उसको रणनीति थियो । ऊसँग लड्नका लागि केन्द्रीकृत र बलियो नेपाल अनिवार्य सर्त थियो । त्यो वस्तुगत आवश्यकतालाई पृथ्वीनारायण शाहले पूरा गरे । आन्तरिक द्वन्द्व र बाहिरी दुस्मनका विरुद्ध लड्न वस्तुगत आवश्यकता थियो । यो वस्तुगत आवश्यकतालाई पृथ्वीनारायण शाहले बुझ्नसकेकै कारण उनी सफल भएका हुन् । पृथ्वीनारायण शाहको भूमिकाको मूल्याङ्कन गर्दै मोहन विक्रम सिंह भन्दछन् "उनले नेपालको एकीकरण राज्य विस्तारको सामन्ती उद्देश्यले प्रेरित भएर नै गरेका थिए । तैपनि उनको कामको ऐतिहासिक र सकारात्मक महत्व छ ।" जनतन्त्र विरोधी शासकहरु पनि साम्राज्यवादविरोधी, एकाधिकार पुँजीवादविरोधी हुनसक्छन् । त्यसैगरी पृथ्वीनाराण शाह अंग्रेज साम्राज्यवादका विरोधी थिए ।

यो एकीकरण प्रक्रिया पूरा नभएको भए आज नेपालको स्वतन्त्र अस्तित्व सम्भव थिएन । अङ्ग्रेजी साम्राज्यवादको आक्रमणबाट नेपाललाई स्वाधीन राख्ने श्रेय पृथ्वीनारायण शाहलाई जान्छ ।

पृथ्वीनारायण शाहको एकीकरणबाट अङ्ग्रेज पादरी र अङ्ग्रेज बुद्धिजीवीहरू चिढिएका थिए । राष्ट्रघात गरेका कारण देशनिकाला गरिएका, कारबाहीमा परेका, भगौडाहरूलाई अङ्ग्रेजले आफू प्रशासित भारतमा शरण दिएर पृथ्वीनारायण शाह र नेपालका विषयमा लेख्न लगायो । उतैका विद्वान् र उनीहरूबाट दीक्षित बौद्धिक जमातले पढाएको शिक्षा र कृति पढेर हामी विभाजित छौँ । नेपाली जगमा उभिएर इतिहास लेखिने प्रक्रिया सुरु भएको छैन । पृथ्वीनारायण शाहको पालामा आजको जस्तो जनवाद कायम गर्न सम्भव थिएन । तर पृथ्वीनारायण शाह र काठमाडौँका भारदारका बीचमा 'काठमाडौँका प्रजाले पृथ्वीनारायण शाहलाई राजा मान्ने, पृथ्वीनारायण शाहले नेवारी संस्कृति र सम्पत्तिको रक्षा गरिदिने' सहमति भएझैँ आर्थिक र सांस्कृतिक अधिकार सुनिश्चित गर्न सम्भव थियो । कतिपय अवस्थामा त्यो सीमालाई मिचिएको ठानिन्छ । पृथ्वीनारायण शाहको भूमिकाबाट चिढिएको पक्षले विद्रूपीकरण गरेको पक्ष पनि जगजाहेर छ ।


हालको भारतका मराठी, खालिस्तानी, लखनौका नवाबलगायत राज्य र शासकहरू प्राविधिक र आर्थिक रूपमा गोरखा राज्यभन्दा निकै शक्तिशाली थिए । उनीहरू एकपछि अर्को गर्दै गोराहरूको कब्जामा परे । एकीकरणको प्रक्रियामा पृथ्वीनारायण शाहले भारतीय भूमिबाटै हतियार जम्मा गरेका थिए तर भारत गोराहरूको कब्जामा जाँदा पनि नेपाल बच्यो । त्यसका पछाडि रणकौशल र दृष्टिकोणसमेत कारक छ । अङ्ग्रेजले नेपाल कब्जा गरेको भए आज हामी जेजति स्वतन्त्र छौँ, हाम्रो आर्थिक-सांस्कृतिक पक्ष कायम छन्, त्यति पनि रहन सक्थ्यो कि सक्तैनथ्यो, बाईसे-चौबीसे राज्य र कबिलाई समाजलाई स्वतन्त्र ठान्ने हो भने जङ्गली अवस्थामा मान्छे त्योभन्दा बढी स्वतन्त्र थियो होला । विषयलाई जति पनि तन्काउन सकिन्छ ।

पृथ्वीनारायण शाह वंश परम्परामा आधारित सामन्ती शासक थिए । त्यसप्रकारका शासनप्रणालीको विशेषता उनको शासनकालमा पनि निरन्तर हुने नै भए । त्यसो भनेर भौगोलिक एकीकरणकै विरोध गर्नु इतिहासको वस्तुपरक मूल्याङ्कन हुन सक्तैन । काँगडाको किल्लामा मारिएका नरनारी, भक्ति थापा, अमरसिंह थापालगायत सपूतलाई विस्तारवादी देख्ने चस्माले यो देशको समृद्धि गर्न सक्तैन । जसले नेपालको एकीकरणमा रगत बगाए । पृथ्वीनारायण शाहकालीन नेपाली समाजमा कुन हदसम्म प्रगतिशील कदम चाल्न सम्भव थियो त ? यो कोणबाट पनि बहस हुनुपर्दछ । रणबहादुर शाहले बिधुवा विवाहलगायत सामाजिक सुधारका कदम चाल्नासाथ उनलाई भारदारहरूले पागल स्वामी महाराज आदि आरोप लगाएर एक्ल्याएका थिए । वस्तुको मूल्याङ्कन 'भौतिक परिस्थिति र काल' को आधारमा गरिनुपर्दछ । अन्यथा हरेक पुस्ताले अग्रजलाई धारेहात लगाउँदै हिँड्ने प्रक्रिया चल्नेछ । न्यायशास्त्रमा कानुनवेत्ताहरूले कुनै घटना हुनासाथ घटनाका कारण कसलाई फाइदा भयो ? भन्ने कोणबाट अनुसन्धान सुरु गर्छन् । नेपालको एकीकरणले नेपालीलाई फाइदा भयो कि विदेशीलाई ? यो सहज दृष्टिले मात्र पनि हामीलाई सत्यको नजिक पुर्‍याउँछ । पृथ्वीनारायण शाह र नेपाल एकीकरणलाई पृथक विश्लेषण गर्ने गरेको पनि देखिन्छ । यो तर्कमा धेरै बहस आवश्यक छैन । एकथरीले पृथ्वीनारायण शाहलाई दैवीकरण गरेका छन्, अर्कोथरीले दैत्यकरण गर्न खोजेका छन् । एकीकरण प्रक्रियालाई आशयमा होइन, परिणाममा हेर्नुपर्छ । त्यसो गर्दा नेपालको एकीकरण एउटा महान् र ऐतिहासिक कदम हो । एकीकरणको विरोधले पृथकतावादलाई प्रश्रय दिन्छ । त्यसो भन्दा सामन्ती शासन बलियो र केन्द्रीकृत हुँदा जनवादमाथि थप हमला भएको, सामन्ती उत्पीडनको साङ्लो झन् कसिएको पक्ष भुल्नु हुँदैन । शाह वंशका केही नेता (राजा) हरूको नेतृत्वमा एकीकरण भयो भन्दैमा तिनको वंश र फासिष्ट शासकलाई समेत स्वीकार्नु पर्दछ भन्ने छैन । यो बहस अदृश्य स्वार्थ प्रेरित बहस मात्र हो ।

... ... ... ...

जनयुद्ध सुरु गर्दा वा तयारीका क्रममा वैचारिक रूपले नेपालको दुई पक्षको गहन अध्ययन र आत्मसात गरिएको कुरा प्रचण्डले नै सुरुआत गरेका छन् ।

१) पृथ्वीनारायण शाहको दीर्घकालीन छापामार युद्धकला २) झापा विद्रोहको समग्र पक्ष । यी पक्षहरूबाट जनयुद्धले प्रेरणा लिएको थियो । जहाँसम्म जनयुद्धमा पृथ्वीनारायण शाहको सालिक ढालियो भन्ने भावनात्मक पक्ष छ, त्यो फरक विषय हो । गणतन्त्र ल्याउने आन्दोलनमा शाह वंशका विरुद्ध हमला गर्ने क्रममा पृथ्वीनारायण शाहका सालिक पनि ढले होलान् । त्यसो त माओवादीले निर्णय गरेका सहिदद्वार, चौतारो, प्रतीक्षालय, अस्पताल, कचहरी भवन सरकारले भत्काएन त ? कार्लमार्क्सका पुस्तक जलाउने शक्ति सभ्य नागरिक हुनसक्छ ? बहस त्यसरी पनि गर्न सकिन्छ । जसरी तत्कालीन शाहीसेनाले पुस्तकालय जलाएकै भरमा शाहीसेनाका कमान्डर एमाले र काङ्ग्रेसलाई तालिवानी प्रवृत्ति भन्नु बढी हुन जाला । त्यसैगरी पृथ्वीनारायण शाहको सालिकमाथि आक्रमण हुँदैमा एकीकरणकै विरोध ठान्नु हुँदैन । बरु सही हुनसक्छ भने राजतन्त्रका कुनै प्रतिनिधिमाथिको साङ्केतिक हमला ज्ञानेन्द्रमाथिकै कुनै प्रतीकात्मक आक्रमण भनेर बुझ्न सही हुनसक्छ । आवेगमय आन्दोलनका अपवादका घटनाहरूलाई सैद्धान्तिकीकरण गरेर निष्कर्षमा पुग्नु सही हुन सक्दैन । पृथ्वीनारायण शाह एकजना दूरदर्शी सामन्ती शासक थिए । उनको एकीकरण अभियान वैदेशिक अथवा कूटनीतिक पक्षहरू सम्मान गर्न लायक छन् । आन्तरिक राष्ट्रियता भन्ने गरिएको जनअधिकारका पक्षमा भने उनी कमजोर देखिनु स्वाभाविक हो । पराधीन नागरिकले राष्ट्रियताको रक्षा पनि गर्न सक्दैन । राष्ट्रियता र जनतन्त्र एक सिक्काका दुई पाटा भएका कारण जनतन्त्रको पक्षलाई सबल बनाएर मात्रै राष्ट्रियता पनि सबल हुन सक्दछ ।



***पृथ्वीनारायण शाह एकजना दूरदर्शी सामन्ती शासक थिए । उनको एकीकरण अभियान वैदेशिक अथवा कूटनीतिक पक्षहरू सम्मान गर्न लायक छन् । आन्तरिक राष्ट्रियता भन्ने गरिएको जनअधिकारका पक्षमा भने उनी कमजोर देखिनु स्वाभाविक हो । पराधीन नागरिकले राष्ट्रियताको रक्षा पनि गर्न सक्दैन । राष्ट्रियता र जनतन्त्र एक सिक्काका दुई पाटा भएका कारण जनतन्त्रको पक्षलाई सबल बनाएर मात्रै राष्ट्रियता पनि सबल हुन सक्दछ ।***

# शैक्षिक संस्थालाई निजीकरण नगरौं

**दीपक भट्टराई**
सञ्चालक, नेपाल इन्जिनियरिङ कलेज, भक्तपुर



*बुद्धिजीवी दीपक भट्टराईको जन्म सन् ०८/०३/१९५१ मा भएको हो । निर्माण व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएका उहाँले बेलायतस्थित लफबरा विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्नुभएको हो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट सन् २००५ मा 'निर्माण आयोजनामा हुने ढिलाइबारे' विद्यावारिधि (पीएचडी) गर्नुभएको थियो । हाल नेपाल इन्जिनियरिङ कलेज, भक्तपुरका सञ्चालक रहनुभएका भट्टराईसित रातोखबर साप्ताहिकका निर्देशक अनिल शर्मा र भीम चापागाईंले समसामयिक विषयमा लिनुभएको अन्तर्वार्ताको सारसङ्क्षेप ।*

*यो कलेज प्रालि हुन सक्दैन । सामाजिक संस्थाको रूपमा संचालित यो कलेज व्यक्तिको सम्पत्ति हुनै सक्दैन । यो स्थापनाको समयको प्रतिबद्धता बमोजिम नै चल्छ । मेरो अन्तिम सास रहेसम्म प्रतिबद्धताबमोजिम रहोस् भनी प्रयत्नरत रहनेछु ।*

➲ ***नेपाल इन्जिनियरिङ कलेज कहिलेदेखि कुन उद्देश्यले स्थापना गरिएको हो ?***

२०५१ सालमा मुनाफारहित उद्देश्यका साथ सामाजिक संस्थाको रूपमा खोलिएको हो । देशलाई इन्जिनियरिङ शिक्षामा आत्मनिर्भर बनाउने र सर्वसुलभ गराउने उद्देश्यका साथ स्थापना गरिएको हो ।

➲ ***संस्थापक को-को हुनुहुन्थ्यो ? के कति लगानी गरेर सुरु गर्नुभएको हो ?***

डा. रामरत्न उपाध्याय, श्री लवराज भट्टराई, डा. उपेन्द्र गौतम, श्री हरिप्रसाद पाण्डे, श्री सूर्यबहादुर केसी, लम्बोदर न्यौपाने र दीपक भट्टराई गरी ७ जना थियौँ । ५/५ लाख गरी ३५ लाख लगानी गर्ने प्रतिबद्धता थियो । त्यति नै लगानी भयो तर मैले धेरै लगानी गर्नुपर्ने बाध्यता भयो ।

➲ ***संस्थापक प्रिन्सिपल को हुनुहुन्थ्यो ?***

म आफैँ थिएँ ।

➲ ***सम्बन्धन कहाँबाट, कहिले लिनुभएको हो ?***

पहिला त्रिभुवन विश्वविद्यालयबाट र त्यसपछि सन् १९९९ देखि पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिइएको हो ।

➲ ***कलेजको वार्षिक नाफा सरदर १२ करोड छ भनिन्छ, सेवामूलक उद्देश्यले स्थापना गरेको कलेजको नाफा कहाँ लगानी भएको छ ?***

१२ करोड त होइन होला, ७ आठ करोड जति होला । हिसाब हेर्न बाँकी । मेरो पालामा ठीक ठीक थियो । विगत ४-५ वर्षमा पूर्वाधारमा लगानी न्यून छ । संचालकहरूले बाँडिखाने भएको छ ।

➲ ***कलेजको वास्तविक समस्या के हो ?***

कलेजलाई लम्बोदर न्यौपानेज्यूले आफ्नो निजी नाममा प्रालि कम्पनी दर्ता गरी साविक कलेजका सबै सम्पत्ति आफ्नो हुने गरी हडप्ने काम गर्नुभएबाट समस्या सुरु भएको हो । यसमा तीनजाना साथीहरूले लिखित सहमति दिनुभएको रहेछ । कलेजबाट थुप्रै रकम हिनामिना भएको छ । त्यो अर्को समस्या हो । साथीहरू अझै प्रालि बनाउने र कलेज अन्यत्र सार्ने पक्षमा हुनुहुन्छ, यो तेस्रो समस्या हो ।

➲ ***नाफालाई निजी प्रयोग गर्नु उद्देश्यको प्रतिकूल र अभिभावकलाई शोषण गर्ने मनसाय भएन र ?***

भयो, त्यसैमा त मेरो विमति र लडाइँ हो ।

➲ ***शेयरवालाहरूलाई जनही १ करोड २५ लाखका दरले निजी प्रयोजनका लागि सवारी साधन खरिद गर्न रकम निकासा गरिएको भन्ने छ, त्यसबारे यहाँको धारणा ?***

१ करोड ५० लाख हो । हामीलाई पनि भाग लागेको रहेछ । संचालक सलिल भट्टराईले लिन इन्कार गरेछन् । यसरी संस्थाको रकम बाँडिलिनु बेठीक काम हो, सामाजिक संस्थाबाट ठगी वा लुट जे भन्नुस् ।

➲ ***तपाईंले कलेजमा अनावश्यक व्यवधान खडा गर्न खोज्नुभयो भन्ने चर्चा छ नि ?***

ठीक प्रश्न गर्नुभयो । म यो कलेज सामाजिक नै होस् र समाजलाई योगदान दिन सकोस् भन्ने चाहन्छु । साथीहरूको प्रालि बनाइखाने प्रयासमा व्यवधान भयो, कलेजबाट अवैधानिक र अनुचित तबरले लगेको रकम फिर्ता माग गरेँ, यसले अरू व्यवधान भयो, चर्चा ठीकै हो ।

➲ ***स्थापनाको समयको प्रतिवद्धताअनुसार कलेजलाई सञ्चालन गर्ने सम्भावना कति छ ? त्यसका लागि यहाँको भूमिका कस्तो छ त ?***



यो प्रालि हुन सक्दैन । सामाजिक संस्थाको रूपमा संचालित यो कलेज व्यक्तिको सम्पत्ति हुनै सक्दैन । यो स्थापनाको समयको प्रतिबद्धता बमोजिम नै चल्छ । मेरो अन्तिम सास रहेसम्म प्रतिबद्धताबमोजिम रहोस् भनी प्रयत्नरत रहनेछु ।

➲ ***अहिले शेयरवाला को-को हुनुहुन्छ ?***

***सञ्चालक समितिमा को-को हुनुहुन्छ ?***

यो सामाजिक संस्थामा शेयर भन्ने हुँदैन । हिजो हामी भोट अधिकार भन्थ्यौं, आज हामी सबै बराबर छौं । संचालक समितिमा डा. रामरत्न उपाध्याय, श्री लवराज भट्टराई, डा. उपेन्द्र गौतम, श्री हरिप्रसाद पाण्डे, श्री सूर्यबहादुर केसी, डा. दीपक भट्टराई, श्री सोमप्रसाद मिश्र, श्री लम्बोदर न्यौपाने, श्री सलिल भट्टराई र पोखरा विश्वविद्यालयको प्रतिनिधि गरी १० जना संचालक हुनुहुन्छ ।

➲ ***कलेज चलाउन भूमिका खेल्ने र औपचारिक जिम्मेवारी लिनेका बीचमा अहिले अन्तर्विरोध छ कि छैन ?***

मैले बुझिनँ । प्रश्न अलि गाऱ्हो भयो । कलेज चलाउन सबैको भूमिका होस् भन्ने सबैको चाहना छ तर प्रालि पक्षका साथीहरू कलेजमा नआउने र बाहिरबाट भूमिका खेलिरहनुभएको छ । मलाई लाग्छ, कलेज नचलाउने, कलेजलाई चल्न नदिने नियत हो त्यो ।

➲ ***स्थानीय जनता, अभिभावक र विद्यार्थीसँग यहाँको अपेक्षा के छ ?***

यो कलेजलाई सामाजिक संस्थाकै रूपमा रहन दिन, यसको संरक्षण गर्न र यसको आयस्ता कलेजकै विकासमा लगानी गर्ने वातावरण बनाउन सबैको सहयोग हुनेछ । हामी संस्थापक र संचालकले यसको सम्पत्ति लूट गर्न न पाउने गर्नका लागि हामीलाई सचेत गरिदिनुहुनेछ भन्ने अपेक्षा छ ।

➲ ***अन्तिममा थप केही भन्नुहुन्छ कि ?***

कलेजबारे जिज्ञासा राखी मलाई मेरा कुरा राख्ने मौका दिनुभएकोमा धन्यवाद छ । मैले दिएका उत्तरहरूसँगै लिखित प्रमाण पनि मसँग सुरक्षित नै रहेका छन् ।

## चिसोले जनजीवन ...

कठाङ्ग्रिएर १४ जनाको ज्यान गइसकेको छ । रौतहटमा पनि ५ जनाको ज्यान मृत्यु भएको छ । यस्तै धनुषा, सर्लाही, मकवानपुर, रूपन्देही, बर्दियालगायत जिल्लाहरूमा पनि चिसोको कारण मानिसको मृत्यु भएको छ ।

पहाडी तथा हिमाली क्षेत्रमा दिउँसोको समयमा घाम लागे पनि तराई क्षेत्रमा दिनभरि घाम नलाग्दा जनजीवन नराम्ररी प्रभाव बनेको छ । हिमाली जिल्लाहरूमा पनि तापक्रम माइनसबाट लगातार आरालो झर्दा खोला, धारा र तालको पानी जमेर बरफ भएको छ । मनाङ, मुस्ताङ जुम्ला, डोल्पा, मुगु हुम्लालगायत मानिसहरू बरफ पगालेर पिउन बाध्य भएका छन् । जाडोले गर्दा कैयौं ठाउँका विद्यालयहरू बन्द रहेका छन् र हवाई उडानसमेत प्रभावित भएका छन् । जाडोका कारण गरिब, विपन्न समुदायका बालबालिका, वृद्ध, वृद्धा र सुत्केरीहरू बढी प्रभावित भएका छन् । ती समुदायका मानिसहरू खुला आकासमुनि त्रिपाल र सामान्य छाप्राहरूमा एकसरो कपडा र आगोको भरमा दैनिकी चलाइरहेका छन् । हिटरको प्रयोग गर्न नसक्ने र दाउरा पनि किन्न नसक्नेहरूको अवस्था झनै कस्टकर बनेको छ । यस्तो अवस्थामा गास, बास, कपासको ग्यारेन्टी गरिदिने भन्दै चुनावमा भोट मागेकाहरू गाउँ नफर्केको र स्थानीय सरकार पनि मौन बसेको पीडितहरूको गुनासो छ ।

चिसोको कारण बिरामीको हुनेको सङ्ख्या अत्यधिक बढेपछि स्थानीय अस्पतालहरूमा भीड लाग्ने गरेको छ । यस्तो बेला स्वास्थ्य संस्थाहरूमा सरकारले निःशुल्क उपलब्ध गराउने औषधीको त कुरै छोडौं, सशुल्क पाउने औषधीको समेत अभाव भएको छ । स्वास्थ संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूले औषधीको अभावमा बिरामीलाई खाली हात फर्काउनुपर्ने अवस्था रहेको बताएका छन् । यस्तै, विभिन्न ठाउँका सामुदायिक वनहरूमा बर्सेनी करोडौंको काठतस्करी भएका खबरहरू सार्वजनिक हुन्छन् । तर जाडोको समयमा वितरण गर्नको लागि सुकेको काठको अभाव रहेको वन समितिका कर्मचारीहरू बताउँछन् । उनीहरूले जाडो पीडितहरूलाई केही ठाउँमा रहेका सुकेका रुख देखाइदिने गरेका छन् ।

यता उपत्यकामा पनि तामक्रम माइनसमा झरेको छ भने ६ हजारभन्दा माथिका हिमालहरूमा माइनस ३६ सम्म पुगेको छ । केही समययता एउटै समयमा पनि तापक्रम अस्वाभाविक रूपले घटबढ हुने गरेको मौसम विज्ञान विभागको रेकर्ड छ । विश्वव्यापी रूपमा पृथ्वीको तापक्रम बढेको बताइए पनि जाडोको समयमा अत्यधिक जाडो र गर्मीको समयमा अत्यधिक गर्मी हुने गरेको मौसम विभागको भनाइ छ । यसका पछाडि मानवीय गतिविधि नै मुख्य जिम्मेवार रहेको छ । उद्योगधन्दा र कलखारखानाहरूबाट उत्पन्न हुने कार्बन उत्सर्जनले गर्दा वायुमण्डलको तापक्रममा असर परिरहेको यो मानवजीवनको लागि घातक हुने विज्ञहरूले चेतावनी दिइरहेका छन् ।

## गैर-कानुनी विद्यालय...

खेलवाड गर्ने कलेजहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्नेसमेत बताए । अखिल क्रान्तिकारीलगायत विद्यार्थी संगठनहरूले अवैध रूपमा संचालन गरिएका कलेजहरूले विद्यार्थीहरूबाट असुलिएको सम्पूर्ण रकम फिर्ता गर्नुपर्ने, विद्यार्थीहरूको पठन-पाठनको जिम्मा लिनुपर्ने र शाखा खोल्न सहमति दिने संस्थाको सम्बन्धन खारेज गर्दै भविष्यमा पनि अयोग्य रहनेगरी कारबाहीको माग गर्दै प्रदर्शन गरेका छन् । गैर-कानुनीरूपले विद्यालय खोल्ने र विद्यार्थीलाई ठग्ने विद्यालयहरूलाई तत्काल कारबाहीको प्रक्रिया अघि बढाउन आफ्नो संगठनले पहल गर्ने अखिल क्रान्तिकारी, रुकुमको भनाइ छ ।

अनुगमनका क्रममा ती चारवटै शिक्षण संस्थाहरूले कुनै पनि कानुनी प्रक्रिया पूरा नगरेको पाइएकोले कारबाहीको प्रक्रिया अघि बढाउन प्रशासनलाई सिफारिस गरिने सीटीईभीटीई क्षेत्रीय कार्यालयका बाँके कोहोलपुरका प्रमुख शिवराम रोकायले बताए । रोकायले सीटीईभीटीईको मान्यता पाएको देखाउनको लागि सीटीईभीटीईकै समय तालिकाअनुसार ती विद्यालयले आफ्ना शैक्षिक गतिविधि संचालन गरेको पनि बताए ।

# ऐतिहासिक बेथानलाई पुनः एकचोटि सम्झँदा


रीतबहादुर खड्का 'प्रताप'

*नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाको प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको "संघर्षको रूप युद्ध, पार्टीको रूप फौज" भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौं फौजी वा गैर-फौजी कार्बाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कार्बाही सम्पन्न गर्नका लागि स्वयंसेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो ।*

### पृष्ठभूमि


सम्झँदा लाग्छ, घटना भर्खरको हो तर पात्रो पल्टाएर हेर्दा दुईवटा हिउँद बितिसकेका छन् । जति-जति समय बित्दै जान्छ, उति-उति घटनाको सम्झना कमी आउनुपर्ने हो तर कतिपय घठना र व्यक्तित्व त्यस्ता हुँदा रहेछन्, समयको प्रवाह र गतिशीलताका पनि झन्-झन् जीवन्त र ताजा यथार्थको उद्बोधन गर्ने तथा भविष्यका निम्ति मार्गनिर्देशन गर्ने बनेर स्मृतिपटलमा आइरहेको हुने रहेछ । त्यस्ता खालका घटनाले हरबखत अगाडि बढ्नका लागि मार्गनिर्देशन गरिराखेको हुन्छ ।

ठीक आजभन्दा दुई वर्षअगाडि पुस १९ गते राती नेकपा (माओवादी), पूर्वाञ्चल ब्युरोअन्तर्गत रामेछापको बेथानमा छापामार दस्ताबाट सशस्त्र फौजी कारबाही सम्पन्न भएको थियो । सोही फौजी कार्बाहीका पूर्वाञ्चल उप-क्षेत्रीय ब्युरोका सदस्य तथा छापामार कमान्डर क. तीर्थ गौतम, छापामार सदस्य क. दीलमाया योञ्जन, क. फत्तबहादुर मगर (स्माली) ले दुश्मनविरुद्ध लड्दा-लड्दै सहादत प्राप्त गर्नुभएको थियो । बेथान कार्बाहीको सन्दर्दमा जनयुद्धको विकासको सापेक्षित अवस्था, दुश्मनको फौजी शक्ति र सतर्कता आदि सबै कुरोलाई हेर्ने हो भने उक्त कार्बाही बहुआयामिक र दूरगामी महत्वको रहेको छ । यो कार्बाहीको अन्तर्यमा पुगेर अध्ययन गर्ने हो भने राजनीतिक र फौजी दुवै पक्षमा हरेक समस्याको समाधानका कुँजीको रूपमा, ऐतिहासिक महत्वका घटनाको रूपमा नयाँ पुस्ता र युगलाई प्रेरणाको पुञ्ज बनिरहेको छ बेथान ।

जनयुद्धले आफ्नो थालनी योजनाको सम्पूर्ण लक्ष्य र उद्देश्य शतप्रतिशत हासिल गरेर थालनीको योजनाअन्तर्गत, 'योजनाबद्ध ढंगले छापामार इलाका निर्माण गरौं' भन्ने मूल नारासहित २०५३ साउन महिनादेखि नै दोस्रो योजना शानदार ढंगले अघि बढिरहेको थियो । उक्त योजनाको मूल उद्देश्य (क) छापामार इलाकाको निर्माण गर्ने, (ख) युद्धसामाग्री कब्जा गर्ने र दुश्मनको शक्ति छिन्नभिन्न गर्ने र, (ग) छापामार इलाका निर्माणका लागि व्यापक जनपरिचालन गर्नेगरी जम्मा तीनवटा रहेका थिए । प्रारम्भिक अवस्थामै दोस्रो योजना अद्भूत ढंगले देशव्यापी रूपमा सफल भइरहेका थिए । यसको विरुद्ध दुश्मनको शक्तिसमेत हत्या, हिंसा, दमन र धर-पकड नयाँ-नयाँ हत्कण्डाहरू अवलम्बन गर्दै जनयुद्धको गला रेट्ने भगीरथ कोसिस गरिरहेको थियो । दुश्मनले दोस्रो योजनालाई हर-तरहले विफल पार्न र माओवादीलाई तहस-नहस पार्न प्रयत्नशील थियो । यस्तो कठिन परिस्थितिमा उच्च साहस, शौर्य र विवेकको उचित सन्तुलनबेगर दुश्मनको फौजी अखडामा धावा बोलेर घरेलु र कमसल हतियारले परास्त पार्न प्रायः सम्भव थिएन । जब सिंगो पार्टी र योजनाको उद्देश्यले उच्च फौजी कार्बाहीको अपेक्षा गरिएको थियो । ठीक त्यही परिस्थितिमा बेथान फौजी कार्बाहीको बारेमा उत्कर्ष बन्न पुग्यो । यस कार्बाहीको बारेमा प्रशस्त प्रकाश पार्दै काम भएका छन् । तर, हाल महान् आधार इलाका निर्माण गर्ने सन्दर्भमा अझ सो कार्बाही र त्यहाँ बगेको रगतको मर्म र अर्थलाई गहिराइका साथ आत्मसात गर्नुपर्ने आवश्यकता खट्किएको छ । यसर्थ, यसका गहिराइलाई निम्न रूपमा चर्चा गर्ने र बुझ्ने कोसिस गरिएको छ :

### मालेमावादप्रति प्रतिबद्ध बेथान कार्बाही

संसारमा थुप्रै प्रकारको विद्रोह जन्मने गर्दछन् । अन्ततः ती विद्रोहहरू मालेमासँग नहुँदा मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सच्चाइलाई आफ्नो विशिष्टतामा सिर्जनात्मक ढंगले लागू गर्न नसक्दा असफलतामा टुङ्गिने गर्दछ । इमानदारितापूर्वक असल नियतले विद्रोहको झन्डा उठाउन मात्र पर्याप्त मानिँदैन । त्यसलाई एकपछि अर्को विजयको शिखरमा उठाउन र टिकाइराख्नका निम्ति मालेमावादका जाललाई कुशलतापूर्वक व्यवहारमा लागू गर्न सक्नुपर्दछ । चाहे त्यो एउटा कार्यनीतिक सवाल होस्, चाहे रणनीतिक सवाल नै किन नहोस् । मालेमावादको उचित समायोजनको र प्रयोगद्वारा मात्रै कुनै पनि युद्धलाई विजयसम्म पुर्‍याउन सकिन्छ । मालेमावादको सही प्रतिबद्धता, दृष्टिकोण, चिन्तन, व्यवहार र क्षमताको उचित समायोजनको अभावमा कुनै पनि विद्रोह विजयसम्म पुर्‍याउन सकिंदैन । क्रान्तिकारी युद्धमा आत्मसुरक्षावाद र दुस्साहसवाद दुवै हानिकारक सिद्ध हुने गर्दछ । मालेमावादलाई सही रूपमा पकड्न नसक्दा युद्ध या त आत्मसुरक्षावाद, या त दुस्साहसवादमा फस्नु अनिवार्य छ । दुवै प्रकृतिको वर्ग निम्न पुँजीवादी वर्ग भएकोले यसको विसर्जनमा पतन पनि त्यत्तिकै अनिवार्य छ । यो जसरी समग्रयुद्धमा लागू हुन्छ किनकि दृष्टिकोणको अभिव्यक्ति रूप नै व्यवहार भएकोले हरेक कार्यनीतिक प्रश्न वा कार्बाहीमा समेत मालेमावाद पेचिलो ढंगले लागू भएको हुन्छ । त्यस्तै, बेथानामा बगेको रगत राजनीतिक रूपमा अकर्मण्यतावाद र फौजी रूपमा आत्मसुरक्षावादविरुद्धको एक सशक्त द्योतक हो भन्ने कुरामा दुईमत हुनै सक्दैन ।


सहिद क. तीर्थ गौतम — सहिद क. फत्तबहादुर स्माली मगर — सहिद क. दीलमाया बम्जन

*युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु आदर्शवाद फगतदेखि अरु केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढंगले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, 'सहिदहरु दुईप्रकारका हुन्छन्, एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।'*

### सर्वहारावादी उच्च नैतिकता र आदर्शको प्रतीक बेथान

युद्धमा थुप्रै मान्छेहरू आउने गर्छन्, जो मार्क्सवाद-लेनिनवाद-माओवादका ज्ञानले पोख्त हुन्छन् तर ऊ साँचो अर्थमा सर्वहारा बन्न सकिराखेको हुँदैन । एकैचोटि यो बन्नु सम्भव पनि छैन । सर्वहारावर्ग बन्नु भन्नाको मतलव हो, उसको सांस्कृतिक रूपान्तरण सर्वहार ासम्मत हुनु । पुरातन, रुढीवादी सामन्ती, निम्न पुँजीवादीमा प्रतिगामी सांस्कृतिक आचरणको परित्याग र प्रगतिशील, उर्ध्वगामी वैज्ञानिक चिन्तन र सोचको अनुशरण नै सर्वहारावादी संस्कृतिको झिल्को हो । क्रान्तिकारी नेतृत्व र योद्धा जबसम्म सर्वहारावादी उच्च नैतिकता र आदर्शलाई आफ्नो आचरण बनाउन सक्दैन, तबसम्म ऊ अविराम रूपमा युद्धलाई हाँक्न र लागिरहन असमर्थ हुन्छ । व्यक्तिवाद, जातिवाद, क्षेत्रीयतावाद र अन्ततः संकीर्ण राष्ट्रियवादसमेत गैर-सर्वहारावादी चिन्तनका कसिला अभिव्यक्ति हुन् । यी सबै चिन्तनका विरुद्ध सर्वहारावादी हित र मुक्तिका निम्ति आफ्नो प्राणको उत्सर्ग गर्नु नै सर्वहारावर्ग आदेश अन्तर्निहित रहेको ठहर्छ । यस्तो गैर-सर्वहारा प्रवृत्ति हरेक खालको कार्बाहीमा समेत झल्कने गर्दछन् । तर, बेथान कार्बाहीमा बगेको रगत अत्यन्तै उच्च र महान् छ । त्यहाँ क्षेत्रीयतावादको नमीठो सीमारेखालाई तोडेर उदात्तभावका साथ काभ्रेको रगत बेथानमा बगेको छ ।

### क्रान्तिकारी वीरता, साहस र विवेकको अनुपम सङ्गमको प्रतीक बेथान

युद्ध रक्तपातपूर्ण राजनीति हो । त्यसैले युद्धमा रगत बग्नु अनिवार्य नियम हो । क. शैशवले भन्नुभएझैँ "रगत क्रान्तिको उर्जा हो ।" त्यस्तै, माओ "युद्धमा बलिदानदेखि नडराई लगातार लड्दै जाऊ" भन्नुभएको छ । युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु आदर्शवाद फगतदेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढंगले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, "सहिदहरू दुईप्रकारका हुन्छन्, एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।" ठीक कुरा त्यही हो । युद्धको हरेक योजना र चरणहरू उचित ढंगले बन्छ कि बन्दैन भन्ने नै हो । त्यसैले, बेथान कार्बाहीपूर्व एकजना जिम्मेवार कमरेडसँग कुरा गर्दै क. तीर्थ गौतमले भन्नुभएको थियो, "अब रगत अलि माथिल्लो तहबाट बगाउनुपर्छ ।" त्यस्तै, सोही कार्बाहीमा प्रस्थान गर्नुअघि पनि उहाँले दृढतापूर्वक एकजना छापामारलाई "तिमी पहिला रगत बगाऊ" भन्नुभएको थियो । उहाँको यो महान् उद्गारलाई उहाँले कार्बाहीमा वीरतापूर्वक लडेर आफ्नै जीवनमा कार्यान्वयन गरेर देखाउनुभयो । वर्गदुश्मनको फौजी किल्लामा आफ्नो रगत बगाएर जनयुद्धको विकासलाई अर्को मञ्जिलमा उठाउनुभयो । त्यसैले, बेथान कार्बाहीमा बगेको रगत तमाम क्रान्तिकारीहरूलाई वीरता, साहस र विवेकले प्रज्वलित भएको प्रेरणापुञ्जको उपहार हो, जहाँ यसको अत्यधिक मात्रामा अभिव्यक्त भएको पाइन्छ । त्यसैले नेकपा (माओवादी), पूर्वाञ्चल क्षेत्रीय ब्युरोले पुस १९ गतेलाई 'वीरता दिवस' को रूपमा मनाउने निर्णय गरेको छ, जसमा भनिएको छ, "बेथानले देखाएको बाटोमा अघि बढौं ! पुस १९ गते वीरता दिवस मनाऔं !"

### छापामार युद्धकौशलको भरपूर उपयोग भएको बेथान

जब दुश्मन फौजी रूपमै अत्यधिक श्रेष्ठतामा हुन्छ, त्यस अवस्थामा कमजोर फौजी क्षमताद्वारा परास्त गर्न गाह्रो पर्ने गर्दछ । त्यस स्थितिमा कार्यनीतिक रूपमा एकको विरुद्ध दसको शक्ति प्रयोग गर्नु र छापामार युद्धकलाको प्रयोग गर्नु नै एक मात्र विकल्प रहन्छ । जतिखेर बेथान कार्बाही सम्पन्न हुन लागेको थियो, त्यस अवस्थामा एकातिर जनताको फौजी क्षमता दुश्मनको सापेक्षतामा अत्यन्तै न्यूनः कोटिमा थियो भने अर्कोतिर हाम्रो योजना दुश्मनसम्म एक्सपोज भएको स्थिति थियो । त्यस जटिल असाधारण परिस्थिति सिर्जना भएको बेला दुश्मनको अत्यधिक सतर्कता (चौबीसै घन्टा एलर्ट पोजिसनमा) को बाबजुद पनि बेथान कार्बाही शानदार ढंगले सम्पन्न गरेर विजयपश्चात् पनि आफ्ना सम्पूर्ण फौज र उपलब्धिको एकरति पनि क्षति नपुर्‍याई संरक्षण गर्न सक्नु त्यत्तिकै महत्वको विषय थियो । तसर्थ, उक्त कार्बाहीमा छापामार युद्धकला 'हान र भाग' को प्रचुर मात्रामा प्रयोग भएको थियो ।

### जनसेना निर्माणको उद्गम-विन्दुको रूपमा बेथान

हुन त नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाको प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको 'संघर्षको रूप युद्ध, पार्टीको रूप फौज' भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौँ फौजी वा गैर-फौजी कार्बाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कार्बाही सम्पन्न गर्नका लागि स्वयंसेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो । जुन अद्यावधि जनसेनाको आधारभूत शक्तिको रूपमा क्रियाशील रहेका छन् । त्यति नै बेला निर्माण भएका लडाकु दल परिष्कृत र विकसित रूप नै वास्तवमा हिजोका छापामार दस्ता र आजको प्लाटुन दस्ता हो भन्न सकिन्छ तर, बेथान कार्बाही नेपाली क्रान्तिकारी इतिहासकै एउटा कोशेढुङ्गाको रूपमा स्थापित बन्न पुगेको छ । जुन कार्बाहीमा जनताका सेनाहरूले दुश्मनको फौजी किल्लामाथि धावा बोलेर घन्टौँसम्म दोहोरो भिडन्त गरी ऐतिहासिक विजय हासिल गर्न सफल भए । अहिले भएका हरेक कार्बाहीहरू बेथान कार्बाहीको निरन्तर रूप हुन् भन्दा अतिशयोक्ति नहोला । त्यसैले यो दिनलाई नेकपा (माओवादी), पूर्वाञ्चल क्षेत्रीय ब्युरोले क्षेत्रीयस्तरमा ऐतिहासिक वीरता दिवसको रूपमा पुस १९ गते मनाउने निर्णय गरेको छ । त्यसैले बेथानको कार्बाही जनसेना निर्माणको उद्गम-विन्दु पनि हो भन्न सकिन्छ ।

### दोस्रो योजनाको उत्कर्ष विन्दु बेथान

दोस्रो योजना जनयुद्धको निरन्तर योजनाको पहिलो चरण थियो । यो योजनाको मुख्य उद्देश्य भनेको मूलतः तीनवटा थिए : (क) योजनाबद्ध ढंगले छापामार इलाकाको निर्माण गर्नु, (ख) व्यापक रूपमा जनपरिचालन गर्नु र, (ग) दुश्मनसँग रहेको युद्धसामग्री कब्जा गर्नु । यस चरणमा पहिलो र दोस्रो उद्देश्य अत्यधिक र अपेक्षाकृत ढंगले नै हासिल भइराखेका थिए । तेस्रो उद्देश्यका निम्ति देशैभर भरपूर कोसिस भएको थियो । यसैक्रममा थुप्रै योद्धाहरूले उच्च सहादत पनि प्राप्त गरिरहनुभएको थियो । पश्चिममा क. दौलतविक्रमको सहादत सोही उद्देश्यका निम्ति भएको थियो । जिल्लामा स्थानीय सामन्ती सुदखोरहरूको हतियार कब्जा गर्ने काम पनि द्रुतगतिमा त्यही चरणमा सफल भएका थिए । फेरि पनि दोस्रो चरणको अन्तिम निष्कर्षमा भने कुनै कार्बाही पुग्न सकिरहेका थिएनन् । जतिखेर राजनीतिक रूपमा अकर्मण्यतावाद र फैजी रूपमा आत्मसुरक्षावादको पार्टीभित्र प्रवेश गरेको खतरा थियो, त्यसलाई ठीक समयमा पहिचान गरेर जसले उच्च साहस, शौर्य र विवेकको प्रतीकको रूपमा बेथान कार्बाही भयो । साँच्चिकै यस कार्बाहीले वर्गदुश्मनको मनोबल गिराउन र जनताको मनोबल उठाउन ठूलो मद्दत गर्‍यो । तसर्थ, यो कार्बाहीलाई जनयुद्धको दोस्रो योजनालाई उत्कर्षमा पुर्‍याउने ऐतिहासिक कार्बाहीको रूपमा लिन सकिन्छ ।

### निष्कर्ष

यसरी हामी के भन्न सक्छौँ भने २०५३ सालको पुस १९ गते रामेछापको बेथानमा भएको ऐतिहासिक सफल कार्बाही क्रान्तिकारीहरूका निम्ति अत्यन्तै अनुकरणीय र प्रेरणापुञ्जकारी युगान्तकारी घटनाको रूपमा स्थापित भएको छ । यसको दूरगामी महत्व झन्-झन् अभिव्यक्त भइराखेको छ । हरेक नेतृत्व बेथानमा उच्च सहादत प्राप्त गर्नुहुने महान् तीफदि सहिदहरू हाम्रो गोरेटो बन्नुभएको छ । दोस्रो वार्षिकीमा बेथानलाई स्मरण गर्नु भनेको महान् आधार इलाकालाई निर्माण, रक्षा र सुदृढीकरणका निम्ति उचित ढंगले सचेततापूर्वक रगत बगाउनका लागि लागिपर्नु नै हो । यही आदर्शले अभिप्रेरित भएर मात्रै बेथानले देखाएको बाटोमा हिंड्न सकिन्छ । यसरी मात्र साँचो अर्थमा महान् सहिदहरूप्रति सम्मान र सद्भावको महत्वलाई झल्काउँछ । अन्त्यमा ' तीफदी' को दोस्रो वार्षिकीमा म यहाँहरूको अधुरो सदिच्छा पूरा गर्न सम्पूर्ण रूपले लागिपर्ने प्रण गर्दै श्रद्धाञ्जलि अर्पण गर्दछु । महान सहिद ' तीफदि' - लाल सलाम !

(**जनादेश साप्ताहिक**, १४ पुस, २०५५)

▸▸ अघिल्लो अंक (२०७४ पुस १९) को बाँकी अंश

# रेशममार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेशममार्ग

# साझा रूपमा बनाउने दृष्टिकोण र कार्यक्रम




**५) सहकार्य संयन्त्र**

विश्व अर्थतन्त्र एकाकार हुने कामले तीव्रता लिइरहेको छ र क्षेत्रीय सहकार्य उँभोलाग्दो छ । क्षेत्र र बाटोको निर्माणलाई अघि बढाउन र क्षेत्रीय सहकार्यको विकासलाई प्रोत्साहित गर्न चीनले विद्यमान दुईपक्षीय र बहुपक्षीय सहकार्य संयन्त्रको पूरा फाइदा लिनेछ ।

हामीले सञ्चार र संवादका विभिन्न तह र माध्यममार्फत् दुईपक्षीय सम्बन्धहरूको विकासको विस्तृत विकासलाई जोड दिनेछौँ र दुईपक्षीय सहकार्यलाई बलियो बनाउँदै जानेछ । हामी सहकार्यका समझदारी-पत्र योजनाहरूमा हस्ताक्षर गर्न र दुईपक्षीय सहकार्यका नमूना परियोजनाहरूको विकासलाई उत्साहित गर्दछौँ । हामीले क्षेत्र र बाटोलाई अघि बढाउन दुई पक्षीय सयुक्त कार्यसंयन्त्रको स्थापना र सुधार तथा कार्यान्वयनको लागि योजना र कार्यनक्सा तयार गर्दै जानुपर्दछ । त्यसका साथै, हामीले विद्यमान दुई पक्षीय संयन्त्रहरूजस्तै संयुक्त समिति, मिश्रित समिति, समन्वय समिति, परिचालन समिति र व्यवस्थापन समिति आदिलाई सहकार्यका परियोजनाहरूको कार्यान्वयनमा सहकार्य र प्रोत्साहनको लागि पूरा गतिमा परिचालन गर्न सक्दछौँ ।

हामीले बहुपक्षीय सहकार्य संयन्त्रहरूका भूमिकालाई विकास गर्न सक्तछौँ । हामीसँग भएका संयन्त्रहरूजस्तै साङ्घाई सहकार्य सङ्गठन (एससिओ), आसियान जोड चीन (१० जोड १), एसिया-प्रशान्त आर्थिक सहकार्य (एपेक), एसिया-युरोप बैठक (एसेम), एसिया सहकार्य संवाद (एसीडी), एसियामा अन्तर्क्रिया र आत्मविश्वास विकास सम्मेलन (सीआइसीए), चीन-अरब राज्यहरू सहकार्य मञ्च (सीएएससीएफ), चीन-खाडी सहकार्य रणनीतिक संवाद परिषद्, बृहत् मेकोङ उपक्षेत्रीय (जीएमएस) आर्थिक सहकार्य र केन्द्रीय एसिया क्षेत्र आर्थिक सहकार्य (सीएआर इसी) आदिलाई सम्बन्धित देशहरूबीच संवाद सबल बनाउन र ती देश र क्षेत्रलाई क्षेत्र र बाटोका अवधारणामा आकर्षित गर्न पूर्ण उपयोग गर्नुपर्दछ ।

हामीले क्षेत्र र बाटोअन्तर्गत परेका देशहरूले आयोजना गर्दै आएका क्षेत्रीय र उपक्षेत्रीय अन्तर ोष्ट्रिय मञ्च र प्रदर्शनीहरूका रचनात्मक भूमिकालाई उत्साहित गर्ने कामलाई निरन्तरता दिनुपर्दछ । एसियाको लागि बोआओ मञ्च, चीन-आसियान प्रदर्शनी, चीन-युरेसिया प्रदर्शनी, युरो-एसिया आर्थिक मञ्च, चीन अन्तर्राष्ट्रिय लगानी तथा व्यापार मेला, चीन-दक्षिण एसिया प्रदर्शनी, चीन-अरब राज्यहरूको प्रदर्शनी, पश्चिमी चीन अन्तर्राष्ट्रिय मेला, चीन-रुस प्रदर्शनी र छिङहाई सहकार्य प्रदर्शनी आदि त्यस्ता दबुहरू हुन् । हामीले क्षेत्र र बाटोमा आबद्ध देशका स्थानीय आधिकारिक निकाय र सर्वसाधारण जनतालाई क्षेत्र र बाटो अन्तर्गत परेका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको अनुसन्धान र उत्खनन्, संयुक्त लगानी, व्यापार तथा सांस्कृतिक सम्बन्ध विकास गर्ने गतिविधि अगाडि बढाउनुपर्दछ । हामीले रेशममार्ग (तुनह्वाङ) अन्तर ोष्ट्रिय सांस्कृतिक प्रदर्शनी, रेशममार्ग अन्तर्राष्ट्रिय चलचित्र प्रदर्शनी र अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनीको भव्य सफलता सुनिश्चित गर्नुपर्दछ । हामी क्षेत्र र बाटोको विषयमा अन्तर्राष्ट्रिय शिखर सम्मेलनको आयोजना गर्न प्रस्ताव गर्दछौँ ।

**६) खुलापन अगाडि बढाइरहेका चिनियाँ क्षेत्रहरू**

क्षेत्र र बाटोको अगुवाई अगाडि बढाउने सिलसिलामा चीनले विभिन्न क्षेत्रहरूका आ-आफ्ना तुलनात्मक विशेषताहरूको पूर्ण उपयोग गर्नेछ । थप खुलापनलाई अघि बढाउन सक्रिय भूमिका खेल्नेछ । पूर्वी, पश्चिमी र मध्य-क्षेत्रहरूबीच अन्तर्क्रिया र सहकार्यलाई सबल बनाउँदै जानेछ र चिनियाँ अर्थतन्त्रको खुलापनलाई विस्तृत रूपमा सुधार गर्दै जानेछ ।

उत्तर पश्चिम तथा उत्तर पूर्वी क्षेत्रहरू : हामीले सिनच्याङको भौगोलिक विशेषताको राम्रो प्रयोग गर्नुपर्दछ । मध्य, दक्षिण र पश्चिम एसियाका देशहरूसँग सहकार्य र सञ्चार गहिरो बनाउन पश्चिमाभिमुखी खुलापनको झ्यालको रूपमा सिनच्याङको भूगोललाई उपयोग गर्नुपर्दछ । सिनच्याङलाई यातायात, व्यापार, बन्तोबस्त, संस्कृति, विज्ञान र शिक्षाको केन्द्र तथा रेशममार्ग आर्थिक क्षेत्रको मुख्य स्थानको रूपमा विकास गर्न जरुरी छ । शान्सी र कान्सु प्रान्तको आर्थिक तथा सांस्कृतिक सबल पक्षलाई पूर्ण रूपमा विकास गर्न आवश्यक छ । निङसिया हुई स्वशासित क्षेत्र र छिङहाइ प्रान्तको आदिबासी संस्कृतिको पूर्ण उपयोग गर्नुपर्दछ । सियानलाई चीनभित्र सुधार र खुलापनको नयाँ केन्द्रको रूपमा स्थापित गर्नुपर्दछ । लान्चाओ र सिनिङजस्ता सहरहरूको विकास र खुलापनलाई गति दिनुपर्दछ । निङ्सिया भित्री क्षेत्र खुलापन नमुना आर्थिक क्षेत्रलाई केन्द्रीय, दक्षिणी र पश्चिमा एसियाली देशहरूसँग औद्योगिक तथा सांस्कृतिक सम्बन्ध खुला गर्ने रणनीतिक मार्ग, व्यापारिक तथा बन्दोबस्तीको केन्द्र र प्रमुख आधारक्षेत्र बनाउने लक्ष्यसहित विकास गर्दै जानुपर्दछ । हामीले भित्री मङ्गोलियाको मङ्गोलिया र रुससँगको निकटताको पूर्ण उपयोग गर्नुपर्दछ, रुस र क्षेत्रीय रेलमार्ग सञ्जालसँग हेलोङ्च्याङ जोडिएको रेलमार्ग सञ्जालको सुधार, चीनको हेलोङ्च्याङ, जिलिम र लियाओनिङ प्रान्त र रुसको सुदूरपूर्वी क्षेत्रको सामुद्रिक-भूमि बहुआयामिक यातायातमा सहकार्य बलियो बनाउने र उत्तर जोड्ने प्रमुख बाटोको रूपमा पेइचिङ तथा मस्कोलाई जोड्ने युरेसियाली उच्च गतिको यातायात-मार्ग निर्माणलाई अघि बढाउनुपर्दछ ।

दक्षिण-पश्चिम क्षेत्र : आसियान देशहरूको छिमेकीको रूपमा रहेको क्वाङ्सु चुआङ स्वशासित क्षेत्रको भौगोलिक विशेषताको उपयोग गर्नुपर्दछ । बेइबु खाडी आर्थिक क्षेत्र र पर्ल नदी-सिच्याङ आर्थिक क्षेत्रको खुलापन र विकासलाई अघि बढाउनुपर्दछ । आसियान क्षेत्रतर्फ बाटो खोल्ने अन्तर्राष्ट्रिय बाटो निर्माण गर्नुपर्दछ । चीनको दक्षिणपश्चिम र मध्य-दक्षिण क्षेत्रको खुलापन र विकासको लागि नयाँ बिसौनी बनाउनुपर्दछ । यहाँ रेशममार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दी सामुद्रिक रेशममार्ग जोड्ने महत्वपूर्ण प्रवेशमार्ग बनाउनुपर्दछ । युनान प्रान्तको भौगोलिक विशेषताको राम्रो प्रयोग गर्नुपर्दछ । छिमेकी देशहरूसँग चीनलाई जोड्ने अन्तर्राष्ट्रिय यातायात-मार्गको निर्माणलाई गति दिनुपर्दछ । बृहत् मेकोङ उपक्षेत्रमा आर्थिक सहकार्यका नयाँ विशेषताहरूको विकास गर्नुपर्दछ । दक्षिण र दक्षिणपूर्वी एसियासँग चीनलाई खुला गर्न यो क्षेत्रलाई संगमको रूपमा प्रयोग गर्नुपर्दछ । हामीले तिब्बत स्वशासित क्षेत्र र नेपालजस्तो छिमेकी देशहरूसँग सिमाना व्यापार, पर्यटन र संस्कृतिको क्षेत्रमा सहकार्यलाई प्रबर्द्धन गर्नुपर्दछ ।

तटीय क्षेत्रहरू र हङकङ, मकाउ र ताइवान : याङ्सी नदीको मुहान (ठूलो जलप्रवाहमा मिसिनुअघि नदीको मुहान समथर भूमि), पर्ल नदीको डेल्टा, ताइवान टापु, बोहाई रिमलगायत उच्च तहको खुलापन विकास, बृहत् आर्थिक शक्ति र बलियो उत्प्रेरकको भूमिका खेल्ने आर्थिक क्षेत्रहरूका सबल पक्षहरूको उपयोग गर्नुपर्दछ । चीन (साङ्घाई) नमुना स्वतन्त्र व्यापार क्षेत्रको विकासलाई तीव्रता दिनुपर्दछ र फुच्याङ प्रान्तलाई २१ औँ शताब्दीको सामुद्रिक रेशममार्गको केन्द्रीय क्षेत्र बनाउन सहयोग गर्नुपर्दछ । हामीले छिङहाई (शनचेन), नान्शा (क्वाङ्चाओ), हेङ्छिन (चुहाई) र पिङ्गतान (फुच्यान) को भूमिकालाई पूरा उपयोग गर्नुपर्दछ र ती स्थानहरूको हङकङ, मकाउ र ताइवानको खुलापन र सहकार्यलाई गहिरो ढङ्गमा विकास गर्नुपर्दछ । क्वाङतोङ-हङकङ-मकाउ ठूलो खाडी क्षेत्रलाई विकास गर्न सहयोग गर्नुपर्दछ । हामीले चेच्याङ सामुद्रिक अर्थतन्त्र विकास प्रदर्शनी क्षेत्र, फुच्यान सामुद्रिक अर्थतन्त्र नमूना क्षेत्र र चाओशान टापु समूहलाई नयाँ क्षेत्रको रूपमा विकास गर्नुपर्दछ र हैनान प्रान्तलाई एक अन्तर ोष्ट्रिय पर्यटन टापुको रूपमा अझ खुला गर्नुपर्दछ । साङघाई, थेनचिन, निङ्पो-चाओशान, क्वाङ्चाओ, शेनचेन, चाङ्च्याङ, सान्टोओ, छिङ्ताओ, यानताई, तालियान, फुचो, सियामेन, छियाङचाओ, हाइकोउ र सान्याजस्ता तटीय सहरहरूमा बन्दरगाहहरू बनाउने काममा ध्यान दिनुपर्दछ । साङ्घाई र क्वाङचाओजस्ता प्रमुख ठूला सहरहरूमा अन्तर ोष्ट्रिय विमानस्थल बनाउने कामलाई प्राथमिकतामा राख्नुपर्दछ । हामीले यी क्षेत्रहरूमा अझ थप सुधारलाई अघि बढाउन, खुला अर्थतन्त्रको नयाँ प्रणाली र संयन्त्रको विकास गर्न, वैज्ञानिक तथा प्राविधिक अनुसन्धानमा अघि बढ्न, अन्तर्राष्ट्रिय सहकार्य र प्रतिस्पर्धामा सहभागिता र नेतृत्वमा नयाँ विशेषताको विकास गर्न र क्षेत्र तथा बाटोको अगुवाई विशेषतः २१ औँ शताब्दीको सामुद्रिक रेशममार्गको निर्धारक र प्रमुख शक्तिको विकास गर्न खुलापनलाई परिचालन शक्तिको रूपमा प्रयोग गर्नुपर्दछ । हामीले विदेशमा बसेका चिनियाँहरू र हङकङ र मकाउ विशेष प्रशासनिक क्षेत्रहरूका विशिष्ट भूमिकालाई गति दिनुपर्दछ । क्षेत्र र बाटोको अगुवाईमा उनीहरूलाई सहभागी बन्न र योगदान गर्न उत्साहित गर्नुपर्दछ । यो पहलमा ताइवान क्षेत्रको उचित व्यवस्थापन पनि गर्नुपर्दछ ।

भित्री क्षेत्र : हामीले चीनको चित्री क्षेत्रको पूरा उपयोग गर्नुपर्दछ । भित्री क्षेत्र भन्नाले विशाल भू-भाग, अथाह मानव जनशक्ति र बलियो औद्योगिक आधार आदि पर्दछन् । भित्री क्षेत्रअन्तर्गत याङ्जी नदीको मध्य-भागका सहरी क्षेत्रहरू, छेन्तु र चोङछिङ वरपर, केन्द्रीय हेनान प्रान्त, होहहोट, पाओताओ, इर्डोस र युलिन वरपर र हार्पिन र छाङचुन वरपरका ठाउँको क्षेत्रलाई अन्तर्सम्बन्ध र सहकार्य तथा औद्योगिक केन्द्रीकरणका लागि विशेष ध्यान दिनुपर्दछ । पश्चिमी भूगोलको खुलापन र विकासका लागि हामीले चोङछिङको विकासको लागि ध्यान दिनुपर्दछ । भित्री क्षेत्रअन्तर्गत छेन्तु, चेङझाउ, उहान, चाङशा, नानचाङ र हुपैईलाई खुलापनको प्रमुख केन्द्र बनाउनुपर्दछ । याङ्जी नदीको उपल्लो र मध्य-क्षेत्र तथा तिनका समकक्षी रुसको भोल्गा नदीका क्षेत्रबीच सहकार्यलाई गति दिन जरुरी छ । हामीले चीन-युरोप बाटोको सन्दर्भमा रेलमार्ग यातायात र भन्सार छुटको विषयमा समन्वयकारी संयन्त्रको विकास गर्नुपर्दछ । 'चीन-युरोप तीव्र गतिको रेल' नामको विकास गर्नुपर्दछ । पूर्व, केन्द्र र पश्चिम क्षेत्रहरू जोड्ने अन्तर्सिमाना यातायात बाटोको विकास गर्नुपर्दछ । चेङचेउ र सियानजस्ता भित्री भूमिका बन्दरगाह सहरहरूमा विमानस्थल र अन्तर्राष्ट्रिय सुख्खा बन्दरगाहको निर्माण, भित्री बन्दरगाह र तटीय क्षेत्र र सिमाना क्षेत्रबीच भन्सार छुटको समन्वयलाई सबल बनाउँदै लानुपर्दछ । अन्तर्सिमाना व्यापारको सेवामा ई-कमर्सको नमुना योजना लागू गर्नुपर्दछ । हामीले विशेष भन्सार अनुगमन क्षेत्र स्थापना गर्नुपर्दछ । प्रशोधन व्यापारका नयाँ ढाँचाको विकास गर्नुपर्दछ र क्षेत्र तथा बाटोमा पर्ने देशहरूमा औद्योगिक सहकार्यलाई गहिरो बनाउँदै जानुपर्दछ ।

**७) कार्यान्वयनमा चीन**

एक वर्षभन्दा बढी समयदेखि चीन सरकारले क्षेत्र र बाटो निर्माणलाई सक्रियतापूर्वक अघि बढाइरहेको छ । क्षेत्र र बाटोमा पर्ने देशहरूसँग जोडिएका देशहरूसँग संवाद, सरसल्लाह र व्यावहारिक सहकार्यलाई अघि बढाइरहेको छ । शीघ्र परिणामको लागि नीति तथा कार्यक्रमहरूको शृङ्खला तर्जुमा गरिरहेको छ ।

उच्चस्तरको दिशा निर्देश तथा सहजकर्ताको भूमिका : राष्ट्रपति सि जिङपिङ र प्रधानमन्त्री लि खस्याङले बीसभन्दा बढी देशहरूको भ्रमण गरिसक्नुभएको छ । साझेदार देशहरूबीच सम्बन्ध विस्तारको संवाद र चीन-अरब देश सहकार्य मञ्चको छैटौँ मन्त्रीस्तरीय सम्मेलनमा सहभागी बन्नुभयो । दुईपक्षीय सम्बन्ध र क्षेत्रीय विकासका विषयहरूबारे छलफल गर्न सम्बन्धित देशहरूका नेताहरूसँग भेटघाट गर्नुभयो । उहाँहरूले ती अवसरलाई क्षेत्र र बाटोको अगुवाईको समृद्ध र सकारात्मक कार्यान्वयनको बारेमा व्याख्या गर्ने अवसरको रूपमा उपयोग गर्नुभयो । उहाँहरूको यो सक्रियताले क्षेत्र र बाटोको अगुवाईबारे व्यापक सहमति जुटाउन मद्दत गरेको छ ।

सहकार्यका ढाँचामा हस्ताक्षर : चीनले क्षेत्र र बाटोको संयुक्त विकास गर्न विभिन्न देशहरूसँग सहकार्यको समझदारीपत्रमा हस्ताक्षर गरेको छ । क्षेत्रीय सहकार्य र सिमाना सहकार्य तथा मध्य एवम् दीर्घकालीन आर्थिक विकास तथा व्यापार साझेदारीको लागि केही छिमेकी देशहरूसँग समझ्दारी पत्रमा हस्ताक्षर गरिसकेको छ । चीनले केही सम्बन्धित देशहरूसँग क्षेत्रीय सहकार्य योजनाको ढाँचा प्रस्ताव गरेको छ ।

परियोजना सहकार्यमा प्रोत्साहन : चीनले क्षेत्र र बाटोअन्तर्गत परेका देशहरूसँग सञ्चार र संवादलाई अघि बढाएको छ । पूर्वाधार सम्बन्ध, औद्योगिक लगानी, स्रोत विकास, आर्थिक तथा व्यापार सहकार्य, वित्तीय सहकार्य, सांस्कृतिक सम्बन्ध, पर्यावरणीय सुरक्षा र जहाँ अवस्था छ, त्यहाँ सामुद्रिक सहकार्य आदिमा धेरै सङ्ख्यामा सहकार्य परियोजना व्यवहारमा ल्याइसकेको छ ।

नीति कार्यक्रममा सुधार : चिनियाँ सरकारले यो अगुवाईलाई मद्दत गर्न बलियो नीतिगत सहायता दिन घरेलु स्रोतहरूको परिचालन गर्नेछ । चीन सरकारले एसियाली पूर्वाधार लगानी बैंकको स्थापनाको लागि पहल गर्नेछ । चीनले रेशममार्गको प्रस्ताव गरेको छ र चीन-युरेसिया आर्थिक सहकार्य कोषको लागि लगानीलाई बल दिनेछ । सीमा वारपारमा व्यापारिक कारोबारको सहजताको लागि हामी सिमा वारपार बैंकिङ गतिविधिलाई सजिलो बनाउन उत्साहित गर्नेछौँ । हामी लगानी र व्यापार सहजतालाई सक्रियतापूर्वक प्रोत्साहित गर्नेछौँ । क्षेत्रीय भन्सार छुटको लागि एकीकृत सुधार लागु गर्नेछौँ ।

सहकार्य दबुहरूको भूमिकालाई विकास : धेरै सङ्ख्यामा अन्तर्राष्ट्रिय सम्मलेन, मञ्च, सेमिनार र प्रदर्शनीहरू क्षेत्र र बाटोको विषयमा आयोजना भइसकेका छन् । ती कार्यक्रमहरूले आपसी समझदारी बढाउन, सहमतिमा पुग्न र सहकार्यलाई गहिरो बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

**८) उज्यालो भविष्यका लागि सँगसँगै**

चीनले प्रस्ताव गरको भए तापनि क्षेत्र र बाटोको अगुवाई यो मार्गमा परेका सबै देशहरूको साझा भावना हो । चीन यो अगुवाईले प्रदान गर्ने अवसर लिन, संलग्न देशहरूबीच खुलापन, सञ्चार र परिचालनलाई अझ बृहत् स्तर, उच्चस्तर र गहिरो तहसम्म प्रोत्साहन गर्न सबै देशहरूसँग समान स्तरमा सरसल्लाह गर्न तयार छ । सबै पक्षहरूका चासो र भावनालाई सम्मान गर्न चीन तयार छ । क्षेत्र र बाटोको सहकार्यको अन्तर्य र ढाँचा विकास गर्न र सुधार गर्न क्षेत्र र बाटो अगुवाईअन्तर्गत परेका देशहरूसँग परामर्श गर्न खुला छ । समयसीमा र मार्गचित्रबारे हामी सल्लाह गर्न खुला छौँ । सम्बन्धित देशको विकास कार्यक्रम र क्षेत्रीय सहकार्य योजनाबारे कुराकानी गर्न चीन खुला छ । चीनले यो अवधारणाको अन्तर्य, लक्ष्य र कार्यभारबारे थप बुझाइ र अनुमोदनका लागि यो क्षेत्र र बाटोअन्तर्गत परेका देशहरूबीच दुई पक्षीय, बहुपक्षीय, क्षेत्रीय र उपक्षेत्रीय सहकार्य सञ्जालको ढाँचाबमोजिम संयुक्त अनुसन्धान, छलफल मञ्च र भेला, तालिम, सम्बन्ध विकास र भ्रमणलाई अगाडि लग्नेछ ।

चीनले क्षेत्र र बाटोमा परेका देशहरूसँग प्रदर्शनी परियोजना सुचारु अघि बढाउन ती देशहरूसँग सहकार्य गर्नेछ । त्यसक्रममा दुईपक्षीय र बहुपक्षीय हितका कार्यक्रमलाई पहिचान गर्ने र सम्बद्ध पक्षहरूको सहमति र कार्यान्वयनमा लाने मञ्जुर भएका कार्यक्रमहरूलाई चाँडोभन्दा चाँडो प्रतिफल दिने सुनिश्चितताका साथ संयुक्त रूपमा व्यवहारमा लगिनेछ ।

क्षेत्र र बाटो सहकार्य आपसी सम्मान र विश्वास, आपसी हित, सबैले जित्ने सहकार्य र सभ्यताहरूबीच आपसका सिक्ने-सिकाउनेमा आधारित हुनेछ । क्षेत्र र बाटोमा परेका देशहरूले हाम्रो साझा लक्ष्य प्राप्तिको लागि चासोपूर्वक काम गर्दछ भने रेशममार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेशममार्ग र यसअन्तर्गत परेका देशका जनताले यो अवधारणाबाट सबैले फाइदाको उपभोग गर्न सक्नेछन् ।

Vision and Actions on Jointly Building Silk Road Economic Belt and 21st Century Maritime Silk Road. Issued by the National Development and Reform Commission, Ministry of Foreign Affairs and Ministry of Commerce of the People's Republic of China, With State Council Authorization, March 2015

# कराँचीदेखि कलकत्तासम्म

चर्चित अमेरिकी लेखक हावर्ड फास्ट जुलाई, अगस्त १९४५ मा भारत भ्रमणमा थिए । उनलाई 'कोरानेट' अखबारले दोस्रो विश्वयुद्धको समयमा चीन, बर्मा र भारतको यात्रा गरेर युद्धको विषयमा लेख्न पठाएको थियो । उक्त अवसरमा फास्टले गान्धीसँग अन्तर्वार्ता लिनुभयो । उनले ब्रिटिस साम्राज्यवादद्वारा बंगालमा थोपरिएको भीषण ज्यादती, अकाल आफ्नै आँखाले देखेका थिए । त्यसलाई उनले नरक भनेका थिए । जसका कारण उनी धेरै दिन कलकत्ता बस्नसमेत सकेनन् । उनले कलकत्तामा भएको ब्रिटिसको ज्यादती तथा अपराधलाई हिटलरको होलोकोस्ट काण्डभन्दा पनि भयानक र ज्यादतीपूर्ण भनेका थिए । फास्टले सो यात्रा वृत्तान्त अमेरिकी कम्युनिस्ट पार्टीको अखबार 'द न्यू मासेज' मा लेख्न चाहे तर सो पत्रिका उनको लेख छाप्न तयार भएन । आफ्नो उपन्यासमा त्यस विषयमा फास्टले विस्तारपूर्वक लेखेका छन् । आफ्नो आत्मकथा 'विइङ रेड (१९९०) मा प्रकाशित सोही कृतिको भारत प्रसङ्ग पृष्ठ (११२-१२८) यहाँ नेपाली भाषी पाठकका लागि साभार प्रकाशित गरिएको छ)

### कम्युनिस्ट पार्टीको जनसभा

म सधैँ जिज्ञासु रहन्थेँ । त्यसकारण अर्को दिन म कम्युनिस्ट पार्टीद्वारा आयोजित एउटा सभामा गएँ । सभामा छलफलको क्रमपछि एकजना ब्रिटिस युवा मेरो नजिक आए । उनी मसँग एक्लै छलफल गर्न चाहन्थे । उनले मलाई एउटा कुनातिर लगे । कुनै औपचारिकताबिना नै उनले सोधे "फास्ट ! के तिमी कम्युनिस्ट हौ ?" म के भनौँ के भनौँ जस्तो भएँ । मैले धेरैबेर उसको प्रश्न सोचिरहेँ र ऊ भने प्ररर बोलिरहेको थियो । बान्दर भाकपा दिल्ली शाखाको प्रमुख रहेको जानकारी उसले गरायो । म कम्युनिस्ट भएदेखि दिल्ली पार्टी सचिव बान्दर मसँग छलफल गर्न चाहेका रहेछन् ।

म कम्युनिस्ट यसो उनलाई किन लागेछ ? मैले उनलाई प्रतिप्रश्न गरेँ । शरीम महोदयसँग पार्टी सचिवले मेरो विषयमा कुरा गरेको त्यो युवाले बतायो । शरीमको कुरा सुनेर उसलाई म कम्युनिस्ट होला भन्ने लागेको रहेछ । 'कामरेडले मसँग के कुरा बुझ्न चाहेका रहेछन् त ?' मैले त्यो अंग्रेज युवासँग फेरि सोधेँ । ती कामरेड ब्रिटिस गुप्तचर संस्थाका व्यक्ति होइन भनेर मैले कसरी यकिन गर्न सक्छु ? रातो कपाल, निलो आँखा भएको त्यो केटालाई शिरदेखि पाउसम्म हेर्दै मैले भनेँ ।

उसले आङ तन्काउँदै ब्यारेकमा हुँदा आफू जब्बर आइरिस र कट्टर कम्युनिस्ट भएको नौसेनाका प्रमुखलाई थाहा थियो । उनीहरू मसँग गुप्तचरको जस्तो व्यवहार गर्थे । प्रमाणको अभावमा कारबाही भने गर्न सकेका थिएनन् । मलाई एकै वर्षमा दुईपटक बर्मा पठाए । त्यहाँ जापानसँग युद्ध चलिरहेको थियो । म त्यहीं मरोस् भनेर पठाइएको थिएँ भनेर उसले सुनायो । यी सबै कुराहरू भएपछि म बान्दर शरीम महोदयसँग भेट्न राजी भएको थिएँ ।

### गुप्तचरहरूको संगठन

दिल्लीको एउटा कुनामा हाम्रो भेटघाट भयो । एउटा सानो पक्की घर थियो । सेतो रङ पोतेको चिटिक्क परेको घर रहेछ । जसमा दुईओटा कोठा थिए । जसमध्ये एउटा कोठामा हामी थियौँ ज्याक मेक्लोस्की, त्यही युवा आइरिस, बान्दर शरीम, अरू ३ जना भारतीय कम्युनिस्ट र म थियौँ । बान्दर शरीम लामो अनुहार, लामो नाक भएका गम्भीर खालका थिए । अरूको नापनक्सा यतिबेला धुमिल भइसकेको छ । तीमध्ये एकजना खोच्याएर हिंड्थे । मेक्लोस्की (काल्पनिक नाम) ले उनको विषयमा रोचक कथा सुनाएका थिए ।

उनको अनुसार अंग्रेजहरू भारतीयहरूलाई गुप्तचर नियुक्त गर्थे । हरेक कम्युनिस्ट पछाडि गुप्तचर छोडिएको हुन्थ्यो । ती अपाङ्गले गुप्तचरलाई नै साथी बनाए । त्यसको भेद खुलेपछि ब्रिटिस सरकारले उनको गोडा भाँचिदिएको थियो । घाउ राम्ररी सन्चो हुनसमेत दिइएन । जसका कारण उनी आजीवन अपाङ्ग भए । त्यसबाट थाहा हुन्छ त्यहाँ कस्तो स्थिति थियो । ब्रिटिस राजमा त्यस्ता कैयौँ घटना भइरहन्थे ।

### अमेरिकी कम्युनिस्ट पार्टीलाई सन्देश

यो भेटघाटको उद्देश्य सिधासादा थियो । त्यस समयमा जेने डेनिस अमेरिकी कम्युनिस्ट पार्टीका महासचिव थिए । उनीहरू डेनिससँग मेरो सम्बन्ध कस्तो छ जान्न चाहन्थे । डेनिससँग मेरो कहिल्यै भेट नभएको र उनको विषयमा आफूलाई कुनै जानकारी नभएको बताउन बाध्य थिएँ । के तपाईं उहाँसँग भेट्न सक्नुहुन्छ ? उनीहरूले सोधेका थिए । म उनीसँग भेट्न सक्छु भन्ने मलाई थाहा थियो । उत्तर (अमेरिकी कम्युनिस्ट पार्टीको साप्ताहिक अखबार 'द न्युज म्यासेज' का सम्पादक) अथवा लायनमेन बरमैन (पार्टी सांस्कृतिक मोर्चामा प्रमुख) त्यसको व्यवस्था गर्छन् । मैल उनीहरूलाई सकारात्मक जबाफ दिएको थिएँ ।

शरीमले मलाई अब भारत स्वतन्त्र हुँदैछ भन्ने सन्देश पुऱ्याउन भनेका थिए । भारत स्वतन्त्रताको सँघारमै उभिएको छ । एकवर्षभित्रै भारत स्वतन्त्र भइसकेपछि (त्यो कुरा मलाई राम्ररी सम्झना छ) । हामी ४० करोड भारतीय एकसाथ थुक्न मुखमा प्याल निकालेर बसेका छौँ । हामीले थुक्यौँ भने मात्र पनि अंग्रेजहरू बगेर समुद्रमा डुब्नेछन् । अमेरिकी कम्युनिस्ट पार्टीले भारतीय कम्युनिस्ट आन्दोलनको विषयमा जान्नुपर्छ । अमेरिकीहरूले हामी कति कठिनाइमा छौँ भन्ने बुझ्नुपर्छ । हामी के गरौँ ? हामीलाई तपाईंहरूको सहयोगको खाँचो छ । यी सब कुरा जेने डेनिसलाई गएर भनिदिनू ।

मैले दिल्ली हवाई अड्डाका प्रमुखलाई आफूलाई इतिहास संवाददाता नियुक्त गर्न अनुरोध गरेको थिएँ । त्यसलाई वास्ता गरिएन र एउटा सोचक टिप्पणी गरियो । त्यो कुरा मलाई अझैसम्म राम्रै सम्झना छ । तिमी कस्ता मान्छेको संगतमा छौ महोदय ! दिल्लीमा मैले कोकोसँग भेटघाट गरेको थिएँ भन्नेतिर उनको संकेत थियो । तर कुरा त्यसो होइन रहेछ । जब म भारत बाहिर जान प्रक्रिया सुरु गरेँ तब मलाई अल्झाइयो । कैयौँ हप्ता त्यत्तिकै बित्यो । अन्तिममा मैले हेनरी ए बेलारालाई चिट्ठी लेखेर मद्दत मागेँ । त्यसको एक हप्तापछि मेरो राहदानी फिर्ता गरियो । काहिरामा गरिएको मेरो भाषणका कारण मलाई वामपन्थी हुन सक्ने आरोपमा राहदानी रोक्का गरेको बताइयो । उक्त अधिकारीले आफूहरू सोभियत संघसँग नरहेको बारम्बार दोहोऱ्याइहन्थे ।

### दिल्ली-कलकत्ता रेलयात्रा

ती कारणले दिल्लीदेखि कलकत्तासम्म मलाई रेलमा यात्रा गर्नुपर्ने भयो । त्यसका लागि ३ दिन लाग्यो । रेलयात्रा त्यत्ति रोचक होला भन्ने लागेको भए म जहाजको झन्झटमा लाग्ने नै थिइनँ । बिहान सखारै म दिल्लीबाट निस्केको थिएँ । एकजना सहयोगीले मलाई रेलस्टेसनसम्म पुऱ्याइदिएका थिए ।

त्यसअघि स्टेसनमा पुग्दा पातलो सेतो कपडा लगाएका मान्छेको हुल उर्लिएको थियो । मान्छेहरू धकेलाधकेल गरिरहेका थिए । सफा कार्पेटमा बस्न हतारिझैँ गर्थे । तर आज स्टेसनमा नयाँपन थिएन । महिला, पुरुष र बच्चाहरूको भीडभाड थियो । कुम्ला र बोरामा यात्रुहरू आफ्ना सामान बोकिरहेका थिए । टोकरी, बाख्रा, कुखुरा सबै बोकेका हुन्थे । स्टेसनमा यत्रतत्र आगो बालेर यात्रुहरू खाना पकाइरहेका हुन्थे । जताततै अनौठो, हतारपतार मच्चिरहेको हुन्थ्यो ।

म निराशापूर्वक भौँतारिरहेको थिएँ । मसँगै दुईजना अमेरिकी सेनाका जबान पनि थिए । कुल्लीहरू हाम्रो सामान बोक्न झम्टिए । यात्राका तिनैमध्ये एकजनाले हामीलाई सहयोग गरे । हामीलाई आवश्यक सहयोग गरेर उनी गए ।

म भारतको ग्रेट ट्रन्क लाइनमा यात्रारत थिएँ । मैले जीवनमा अनेक रेलयात्रा गरेको थिएँ । कुनै पनि यात्रा यसपटकको अद्‌भूत र स्मरणीय भएन । दिल्लीदेखि कलकत्तासम्मको दुरी करिब एक हजार माइल होला । रेल हरेक स्टेसनमा रोकिन्थ्यो । कहिलेकाहीँ एउटै स्टेसनमा १ घन्टासम्म रोकिन्थ्यो । कहिलेकाहीँ आएको दिशातिर चल्न लाग्थ्यो । कहिले पैदलयात्रीभन्दा पनि सुस्त चल्थ्यो ।

हरेक स्टेसनमा खाइलाग्दा सहयोगीहरू चिया लिएर आउँथे । जसले अनेकथरी खानेकुरा ल्याएका हुन्थे । हामीलाई आवश्यक छ कि छैन, नसोधीकन राखेर जान्थे । अनि अर्को स्टेसनमा पुग्दा '५ रूपैंया साहेब, दश रूपैंया साहेब' यस्तै भन्थे । उनीहरूले आफ्नो सन्देश अघिल्लो डिब्बासम्म कसरी सम्प्रेषण गर्ने भन्ने मलाई अनौठो लाग्यो । उनीहरूको एउटै रेल न छुट्थ्यो, न त पैसा गुम्थ्यो । सबै जम्मा गर्थे । रेल अघि बढ्दै जाँदा सन् १९४५ का सबै रहस्यका पर्दा खुल्दै गए ।

### लखनउमा छरिएका लासहरू

म लखनउ पुग्दा थाहा भयो, त्यहाँ हैजा फैलिएको रहेछ । रेल रोकिनासाथ हामी उत्रियौँ । हामी उभिएकै स्थानमा एक पुरुष, एकजना महिला र पाँचजना बच्चाको सिंगो परिवार थियो । उनीहरू घिरिप्प भएर बसेका थिए । लोग्नेको टाउको श्रीमतीको काखमा थियो । हेर्दाहेर्दै पुरुषको शरीर कक्रक्क परेको थियो । लगत्तै उसको प्राणपखेरु उड्यो । उसका आँखा खुलेको खुल्यै भए । गुच्चाजस्तै लगातार । आँखा सेतै देखिन्थे, आइमाईचाहिँ छाती पिटीपिटी रोइरहेकी थिई । रेलमा डिब्बाभित्र र छतमा बसेका सबै यात्रुमा सहानुभूति देखिन्थ्यो । रेल अघि बढ्यो । विपरीत दिशामा कच्ची सडक गएको थियो । जहाँ लासहरू यत्रतत्र देखिन्थे । ती लासहरू हैजाको महामारीले



हावर्ड फास्ट

मरेकाहरू थिए, जसलाई उठाउने मान्छेसम्म थिएनन् । गिद्द र कागले लासहरू लुछिरहेका थिए । कतिपय गिद्दको ठुँडमा मासु अड्किएको देखिन्थ्यो ।

रेल एउटा स्टेसनमा रोकियो । रेल त्यहाँ एक घन्टासम्म रोकिने सूचना थियो । हामी बाहिर निस्केर यताउति टहल्न लाग्यौँ । नजिकै खाली चौरमा एक हुल साना मान्छेहरू झुरूपप बसेका थिए । मैले उनीहरूलाई होचा मान्छे भन्नुको अर्थ ती पुरुषको उचाइ ५ फिटभन्दा बढी थिएन । महिलाहरूको उचाइ ३ फिटभन्दा बढी थिएन । पुरुषहरूल लंगौटी लगाएका थिए र महिलाहरूको छाती र गुप्ताङ्ग धरोले छोपिएका मात्र देखिन्थ्यो । बच्चाहरू नाङ्गै भुतुङ्गै थिए । मान्छेहरूको हातमा धारिला भाला र ढाल थिए । साँच्ची ती को थिए त !

दुईजना बर्दीधारीले उनीहरूको रेखदेखको जिम्मा पाएका थिए । तिनीहरू टाढा पहाडबाट आएका थिए । उनीहरूलाई थाहा थियो कि रेलगाडी नामको कुनै चीज हुन्छ र त्यसले मान्छेलाई यताबाट उता ओसारिरहन्छ । उनीहरूको भाषा पनि त्यहाँ कसैले बुझ्दैनथ्यो, ती को हुन् ? कहाँबाट आएका हुन् ? कसैलाई थाहा थिएन, सबै कुरा अनुमान मात्र थियो । इशारामा भनिएको थियो । यिनीहरू सुन्दर खालका थिए । राम्रो चालढालले र गोरो छाला थियो । तर तिनीहरूको अनुहारमा चरम निराशा थियो । रेल व्यवस्थापनले तिनीहरूका लागि केही फलफूल र भातको व्यवस्था गरिदिएको थियो । त्यत्तिको भरमा तिनीहरू बाँचिरहन सम्भव थिएन ।

रेल फेरि चल्यो । हामी उनीहरूबाट टाढियौँ । त्यसैलाई विषय बनाएर मैले एउठा कथा लेखेँ । जसको न सुरु थियो । न त अन्त्य नै थियो । जुन कथा मैले रेल यात्रामा नै लेखेको थिएँ । जसको शीर्षक 'द लिटिल फोक्स फ्रम द हिल्स' थियो । मैले अंग्रेजले उल्लु सावित गरिदिएका तिनै कम्युनिस्टको विषयमा पनि 'द पुलिस स्पाई' नाममा पनि अर्को कथा लेखेँ तर ती दुवै कथा कोरोनेट अखबारमा छाप्न मनाही गरियो । धेरैपछि ती कथा अरू नै अखबारमा छापिए । त्यसको पुनःप्रकाशन भारतभरि भयो ।

धेरैपछि कलकत्तामा मैले मेरा दुईवटा पुस्तक देखेँ । जुन तीनवटा भाषामा थिए । ती गैरकानुनी तरिकाले प्रकाशित थिए तर दरिद्रताले भरिएको भारतमा मैले लेखकस्व माग्ने कुरै भएन । बाँकी यात्रा अर्ध-मरुभूमि भएर गुज्रियो । कहिलेकाहीँ टाढा-टाढासम्म जीवजन्तु नै देखिन्नथे तर यो हिन्दु भारतमा गाई भने जता पनि देखिन्थ्यो । मसँग सानो टाइपराइटर थियो । यात्राभरि म त्यसैमाथि बसेँ । मैले केही न केही लेखिरहेको हुन्थेँ । तर मलाई लेख्नको लागि पठाएको अखबारले यी लेख छाप्दैन भन्ने पनि मलाई थाहा थियो ।

## कविता

### विपिन, तिमी मेरो किताब



शान्ता भण्डारी *

आजभोलि तिमी मेरो किताब भएका छौ विपिन
आजभोलि म पढ्न थालेकी छु तिमीलाई
पढ्दैछु तिमीलाई, घोक्दैछु तिमीलाई
म छोरी मान्छे, अर्काको घरमा जाने जात
छोरीले धेरै पढे बिग्रन्छन् भन्थे, उहिले
त्यसैले
आईए, बीए पढिनँ बाबु मैले
ठूलाठूला किताब पनि पढिनँ बाबु मैले
घाँस, दाउरा, चुलो, चौको यिनै खुब पढेँ
खेतबारी, वनकान्ला, यिनै मात्र पढेँ
यिनै घोकेँ, यिनै बुझेँ, यिनै मात्र सिकेँ
बाबाको आदेश भुइँमै झर्न दिइनँ
लोग्नेको वचन शिरोपर गरेँ ।
म, आज्ञापालक, सधैँ यही बुझेँ
म, सहने जातकी
सबै सधैँ सहिबसेँ
अन्यायको विरोध गर्ने कुरो
मेरो खेतबारी किताबमा कहीँ कतै भेटिनँ
महिला मुक्तिको कुरा, वर्गीय मुक्तिको कुरा
कहीँ कतै सुनिनँ ।

सामन्त र शोषकविरुद्धमा
नारा जुलुस निस्किन्थे जब
मुक्ति र अधिकारका कुरा
नेताहरू सुनाउँथे जब
मात्र, ट्वाल्ल- हेरिरहन्थेँ
मात्र, कुतूहलता बोकेर
तर, आजभोलि त म पढ्ने भएकी छु
तिमी मेरो किताब भएका छौ
तिमीलाई पढ्न थालेपछि
अन्यायको विरोध गर्ने कुरा बुझेँ
विद्रोहको कुरा बुझेँ
मुक्तिको कुरा पनि सिक्दैछु
अधिकारको कुरा पनि बुझ्न थालेकी छु
कर्तव्यको महसुस पनि हुन थालेको छ
नपढेको भन्ने हीनताबोध पनि हराउँदै गएको छ
अबला भन्ने सोच पनि बिलाउँदै गएको छ
पहिला त्यति बुझिनँ बाबु तिमीलाई
जुनबेला तिमी मसँग थियौ
अहिले धेरै बुझेँ बाबु तिमीलाई
यतिबेला तिमी मसँग छैनौ
तिमी कामबाट फर्केर घरमा आउँदा
टाउको सुमसुम्याउँदै
भोक लाग्यो कि भनेर सोध्दथेँ
आफ्नो जिउको ख्यालै नगर्ने लाटो
भनेर हकार्थेँ
तर अहिले, तिमी मैले हकार्ने लाटो हैन
तिमी त मेरो मान्यवर गुरु भएका छौ
असल गुरु, असल किताब
तिमीलाई पढ्न थालेपछि
संसार बुझ्न थालेकी छु
आफूले आफूलाई चिन्न थालेकी छु
आफ्नो तागतको पहिचान गरेकी छु
वर्गीय चेतना जागेको छ
त्याग र बलिदानी भावना
बलियो रूपमा पैदा भएको छ
पिलन्धरे आमाबाट
बहादुर आमामा रूपान्तरण भएकी छु
साँच्चै तिमी त महान् किताब रहेछौ
मजस्ता सबैले पढ्नैपर्ने विशाल किताब भएछौ
तिमीलाई पढ्न थालेपछि
दुश्मनप्रति तीव्र घृणा जागेको छ
आफ्नोप्रति अगाध माया पलाएको छ
बाँच्ने तागत पैदा भएको छ
शरीरमा एकथोपा रगत रहुञ्जेल
दुश्मनसँग लडिरहनेछु ।

तिमीलाई बेपत्ता पार्ने जल्लादहरूसँग
अन्तिमसम्म भिडिरहनेछु ।
तिमीले अमृतसरि पिएका मेरा दूध
दुश्मनको बङ्करमा बम बनेर पड्कनेछन्
बारुद बनेर धुवाँधार हुँदै दुश्मनलाई नास
गर्नेछन्
तिमीजस्तै म पनि बहादुरले पढ्ने किताब हुनेछु
'आमा' किताब हुनेछु
अनि त मलाई पनि सबैले पढ्नेछन्
तिमीलाई मैले पढेजस्तै, तिमीलाई मैले सिकेजस्तै
मेरो प्यारो किताब 'विपिन'
तिमीलाई मैले पढ्दैछु, तिमीलाई मैले घोक्दैछु ।

————————————

(*जनयुद्धका क्रममा २०५९/०३/०३ मा तत्कालीन राज्यद्वारा पक्राउ गरी बेपत्ता पारिनुभएका बेपत्ता योद्धा क. विपिन भण्डारीकी आमा)

स्रोत : **महिला क्रान्ति**, २०७४ असोज-माघ

## कृष्ण पहाडीको ...

चाहना, विषय, प्रस्ताव, आन्दोलन, क्रान्ति, जीवन आदि विषयमा ध्यान दिनु हो । पहाडीको चर्चा एक कुनै पुँजीवादी, दलाल पुँजीवादी नेताको भन्दा कम छैन । मानिलिऊँ कि दलाल पुँजीवादी व्यवस्थाको जन्मदाता र रक्षक नै पहाडी मानव-अधिकार हो । उनले बम हानेको खुब बढाइ चढाइँ चर्चा गरेका छन् तर किन बम हान्ने अवस्था आयो भन्नेमा एक शब्द चुहाएका छैनन् । बम हान्ने अवस्थाभन्दा पहिले लगभग ९ वर्षदेखि प्रचण्ड–बाबुराम, कांग्रेस, एमालेसँग नेपालको राज्यव्यवस्था कस्तो हुनुपर्छ, संसदीय व्यवस्था मात्र हुन सम्भव छैन र मानिँदैन, नेपालको राज्यव्यवस्था संसदीय व्यवस्थाभन्दा नयाँ हुनुपर्छ, राज्यमा विद्रोही पक्ष र पुरानो राज्यपक्षको बीचमा बराबर अधिकार बाँडफाँड हुनुपर्छ भनेर हामीले गरेको संघर्ष पहाडी जस्तो चम्मुलाई थाहा थिएन ? जनमुक्ति सेनाको विघटनपछि माओवादी विभाजित भएको र क्रान्तिको प्रकृया अगाडि बढ्ने घोषणा गरेको थाहा थिएन् ? संविधान घोषणाको विरोध, जनप्रतिनिधि सभा र जनसरकार निर्माणको घोषणा, स्थानीय चुनावको खारेजी, केन्द्र र प्रदेशसभा चुनावको खारेजी घोषणा के सबैलाई थाहा थिएन ? सबैलाई पूर्णरूपले जानकारी हुँदाहुँदै हामीलाई कुइनाले मिचेर लगिन्छ भन्ने सोच पुराना र नयाँ दलालहरूमा थिएन ! जब राज्यले भित्तेलेखन, प्रचार, सभा पनि गर्न दिएन रातारात सयौँ कार्यकर्तालाई समात्यो, स्थानीय चुनावमा कालीकोटमा गोली चलाएर निर्दोष नागरिकको हत्या गऱ्यो, गोलीले घाइते बनायो, यो चुनावमा पनि कडा दमन एकप्रकारले कर्फ्यू जस्तो लगाएपछि त्यसको प्रतिरोध जनताले गर्नु, हाम्रो नेता र कार्यकर्ताले गर्नु कसरी मानव-अधिकारको हनन् हुन्छ ? यदि हनन भएको थियो भने त जनतामाथि लगातार राज्यबाट दमन हुनु मानव-अधिकारको हनन हुनुपर्दथ्यो नि । यदि पहाडी सच्चा मानव-अधिकारवादी भएको भए त उनले जनता र हाम्रो पार्टीमाथि भएको दमनको कडा शब्दमा भर्त्सना गर्नुपर्थ्यो । जनताको पक्षमा सडकमा निस्किनुपर्दथ्यो, हाम्रा नेता-कार्यकर्ताको रिहाइको पक्षमा आवाज उठाउनुपर्दथ्यो, खै त पहाडी मानव-अधिकार बोलेको ! चा-चूँ केही सुनिएन त ! जब राज्यले जनता र पार्टीमाथि व्यापक दमन गरिरहन्छ, कोही बोल्दैन भने प्रतिरोध नभएर के हुन्छ ? बम नपड्किए र के पड्किन्छ ? दलालहरूका थाप्लामा बम नपड्किएर के पड्किन्छ त ! हाम्रो विचारमा मानव-अधिकारका निम्ति जे हुनुपर्दथ्यो भयो, बरु जति हुनुपर्दथ्यो त्यो भएन । त्यो हुनै बाँकी छ भने पनि हुन्छ । यसरी मानव-अधिकारको पक्षमा भएको जनविद्रोहलाई आततायी घटना भन्न मानव-अधिकारवादी भन्ने पहाडीलाई सुहाउँछ ? मानव-अधिकार विरोधी दलालहरूलाई लखेट्दा मानव-अधिकारवादी भन्ने पहाडीलाई किन यति विधि टुप्पी रन्कियो !

अर्को कुरा, पहाडीले निर्दोष मान्छे मारेको भन्दै क्रान्तिकारीहरूलाई "आततायी" भनेर लेखेको पाइयो । उनले दाङमा घाइते भएर मारिएका म्यादी प्रहरीबारे खुब उछाल्न खोजेको भेटियो । पहिलो कुरा त, संघर्ष सुरु भएपछि कहिलेकाहीँ दुःखद् घटनाहरू घट्छन् । त्यसप्रति क्रान्तिकारीहरू चनाखो हुनुपर्छ, गल्ती भएछ भने माफी पनि माग्नुपर्छ, दाङमा म्यादी प्रहरीलाई हानेको होइन, त्यो दलालहरूलाई हान्न खोज्दा परेको हुन सक्ला या दुवैतिरका केही कमजोरीले त्यो हुन सक्ला तर कुरा त्यो होइन, कुरा त यो चुनाव नै जनताका विरुद्ध थियो । यो गर्नु भनेको किसान (विशेषतः थारु किसान) मजदुर, दलित, महिलाहरूको विरुद्ध उनीहरूलाई फेरि पनि लुटतन्त्रको दास बनाउनका लागि गरिन थालेको चुनावी प्रपञ्च थियो र पार्टीले त्यसलाई रोक्न या अस्वीकार गर्न चाहन्थ्यो । त्यसका लागि जे जति संघर्ष र प्रतिरोध गर्न सकिन्थ्यो, त्यो गरिएको थियो । यो सोह्रै आना सही थियो । यतिसम्म कि बेरोजगार भएर अस्थायी प्रहरीमा भर्ती हुन बाध्य युवाहरूको हितमा पनि खारेज अभियान थियो । जहाँसम्म पहाडीकोमा "आततायी" भन्ने शब्द प्रयोग भएको छ, क्रान्तिकारी र विद्रोही जनतालाई आततायी भनेर भन्नु भनेर कहाँको मानव-अधिकारवादमा लेखेको छ । दमन गर्ने, फासिवाद लाद्ने, हत्याहिंसा मच्चाउने राज्य आततायी हुन्छ कि विद्रोह गर्ने जनता आततायी हुन्छ । आजसम्मको आततायीको परिभाषा नै बदल्ने अधिकार कृष्ण पहाडीलाई कसले दियो । परिभाषा नै बदलेर वास्तविक अपराधीलाई साधु र साधुलाई अपराधी बनाउनेलाई के भन्ने ? के त्यस्तो प्रवृत्ति र व्यक्तिलाई महाआततायी नभन्ने ? निश्चय नै वास्तविक आततयीलाई बचाउन खोज्ने र लोकतन्त्रवादी देखाउन खोज्नेलाई महाआततायीमा राख्नैपर्छ । कतै जनता र जनताको मुक्तिका लागि लड्ने क्रान्तिकारीलाई आततायी भन्ने पहाडी आफैँ मानव-अधिकारवादको जामा भिरेका महाआततायीमा पर्ने दिन त आउँदैन !

दोस्रो कुरा पहाडीको लेखमा कारबाही गर्नेलाई "अपराधी" भनिएको छ र अपराधीलाई कडा "कारबाही" गर्नुपर्ने माग गरिएको छ । यहाँ पनि के प्रष्ट देखिन्छ भने "अपराधी" भनेको के हो भन्ने विषयलाई अपराधिक तरिकाले बङ्ग्याइएको छ । अपराधी त्यो हो जसले इमान, जमान, सहमति, सम्झौता, नियम, कानुन तोड्छ र आफ्नो स्वार्थका लागि या फाइदाका लागि सबै कुरा भत्काउँछ । नेपाली राजनीतिमा कुन तत्व अपराधी हो ? जनयुद्ध लडेर शान्ति प्रकृयामा आउँदा भएका सहमति, सम्झौता, मान्यताहरू लागू हुनुपर्छ, जनताको अधिकार सुनिश्चित हुनुपर्छ, असमान सन्धि सम्झौता खारेज हुनुपर्छ, राष्ट्रिय स्वाधीनता प्राप्त हुनुपर्छ; जनसेना, जनसत्ताले मान्यता पाउनुपर्छ भन्ने अपराधी हुन्छ कि आफू कमजोर हुँदा कुकुरले पुच्छर सेपे जसरी डुड्डाउँदै सम्झौता र सहमतिमा आउने, आफू बलियो भयो भने सबै कुरालाई उल्टाएर सत्तालाई पुरानै प्रतिक्रियावादी सत्तातर्फ

... बाँकी ७ पृष्ठमा

## संसदीय व्यवस्थामा ...

अराजकता नरोकिने निश्चित छ। देश त्यही दिशामा गइरहेको छ। एमाले गठबन्धनले स्थिरता, समृद्धि र समाजवादको नारा दिएर चुनाव जितेका थिए। तर दलाल व्यवस्थाले त्यो दिन सक्दैन।

जनताले चुनावको वाचा पूरा गर्न दबाब दिनेछन्। तसर्थ, चुनावी वाचाले नै एमाले गठबन्धनको लागि कात्रो बनेर आउने स्थिति छ। जनतामा निराशा छ। देश संकटतर्फ गइरहेको अवस्था छ। यतातिर चुनावको राप सेलाउँदै गएको छ। अन्यौलता बढिरहेको काङ्ग्रेस गठबन्धन भने प्रचण्डलाई नेतृत्व गर्न सार्वजनिक आह्वान गरिसकेका छन्। प्रचण्डले अझै त्यो विषयमा सोचेको छैन भनेर त्यो विकल्पको ढोका खुलै राखेका छन्। यसप्रकारको अस्थिरताले राजनीतिक अन्यौलता बढ्दै गएको छ। समाजवादी क्रान्तिबाहेक नौरंगी दलाल प्रतिनिधि र व्यवस्थाबाट समस्याको समाधान देखिन्न। यसले समाजवादी क्रान्तिको अपरिहार्यतालाई अझ टड्कारो बनाएको छ।

## अदालतमा डा. के.सी. ...

मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई सोमबार आदेश दिइएपछि केसीलाई अदालतमा (मङ्गलबार) उपस्थित गराइएको हो। अदालतमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी र दिनेश त्रिपाठी तथा अधिवक्ता सुरेन्द्र भण्डारी र लेखनाथ न्यौपानेलगायत कानुन व्यवसायीले बहस गरेका थिए।

प्रा. डा. केसीले त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका डीनमा प्रा. डा. शशी शर्मालाई पुनःबहाली गराउने अदालतको आइतबारको फैसलाको विरोधमा प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामा माग गरी अनसन सुरु गरेका थिए। उहाँलाई सोमबार साँझ अनसनस्थल त्रिवि शिक्षण अस्पतालबाट प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो।

डा. गोविन्द केसीलाई प्रहरीले पक्राउ गरी रातारात हिरासतमा राखेकोमा विभिन्न क्षेत्रबाट व्यापक विरोध पनि भएको छ। केही राजनीतिक विश्लेषकहरूले सिङ्गो राज्यसत्ताको चरित्रबारे बहस हुनुपर्ने समयमा, बालकृष्ण ढुङ्गेलको फैसलामा सही भन्दै ताली पिट्नेहरू डा. केसीको पक्षमा उफ्रनु पाखण्डसिवाय केही पनि भनिरहेका छ।

## कृष्ण पहाडीको ...

फर्काउने, देश बेचेर खाने, जनतालाई ठग्ने, सहिद बेप्तालाई अपमान गर्ने अपराधी हुन्छ ? लाटोले पनि बुझ्ने विषय हो हामी क्रान्तिकारीहरू अपराधी होइन कि प्रतिक्रियावादी सत्ता लाद्ने, संसदीय व्यवस्थाको चुनाव गर्ने, जनता र सहिदलाई धोका दिने, फेरि देशलाई गृहयुद्धको भूँमरीतिर धकेल्न खोज्ने काङ्ग्रेस, एमाले, माकेहरू अपराधी हुन्। उनीहरूकै कारणले आज फेरि क्रान्ति गर्नुपर्ने अवस्था आएको छ। अपराधीलाई कारबाही हुँदा उनीहरूलाई नै कडा कारबाही हुनुपर्छ। अनि यस्तो सत्य बुझ्दा बुझ्दै हामीलाई अपराधी भन्ने र हामीलाई कारबाही हुनुपर्छ भन्ने पहाडीलाई के भन्ने ! कानुनमा एउटा मान्यता हुन्छ, अपराध गर्ने अपराधी र अपराध गराउन उकास्ने अपराधको मतियारलाई सोही अपराधीसरह कारबाही हुन्छ, गर्नुपर्छ भन्ने। यदि यो मान्यताबाट हेर्ने हो भने जनता र राष्ट्रविरुद्ध अपराध गर्ने संसद्वादी दलालहरूविरुद्ध कारबाही हुँदा तिनलाई अपराध गर्न उक्साउने र सहयोग गर्ने कृष्ण पहाडीजस्ता अपराधका मतियारलाई पनि सोसरह कारबाही हुनुपर्छ र गर्नुपर्ने हुन्छ। यदि पहाडीजस्ता "मानव-अधिकारवादी" ले साँच्चैको मानव-अधिकारको काम नगरेर जनतामाथि "लुटतन्त्र", विदेशीको इसारामा चल्ने "दलालतन्त्र" थोपर्ने मतियारको काम गर्ने हो भने बम दलाल नेता, जासुस र लुटेराहरूको विरुद्ध मात्र होइन, पहाडीकै बेड्मुनि पड्किने दिन पनि नआउला भन्न सकिँदैन। हामीलाई कडा कारबाहीको माग गर्दा पहेलो वस्त्रधारी पहाडीले यो सच्चाइ बुझ्दा हुन्छ।

हामीलाई थाहाँ छ, सामान्यतः दुनियाँमा जनताको आवाज, जनताको न्याय, जनताको अधिकार, जनताको जीवनलाई चोट पार्ने, असर गर्ने र बाधा हाल्ने घटनालाई मानव-अधिकारसँग जोडिएको विषय मानिन्छ। यदि त्यसरी हेर्ने हो भने काङ्ग्रेस, एमाले, माकेले गठजोड गरेर धोका दिएर, नाफाघाटाको हिसाब गरेर नेपालका किसान, मजदुर, सुकुमबासी, दलित, महिला, जनजाति, मधेसी, विद्यार्थी, युवाका अधिकारमा खेलवाड गरेको, सहिद र सहिद परिवार, बेपत्ता र बेपत्ता परिवार, घाइते आदि जनताको भावना, माग, संघर्ष, बलिदानलाई धोका दिएको, खोसेको, दमन गरेको विषयलाई गम्भीर मानव-अधिकार हननको विषय मान्नुपर्दथ्यो र पहाडीहरू सडकमा ओर्लिनुपर्दथ्यो। उनीहरूले लेख लेख्नुपर्दथ्यो र आन्दोलन गर्नुपर्दथ्यो, त्यो नसुनेहरूलाई अपराधी घोषणा गरेर कडा कारबाहीको माग गर्नुपर्दथ्यो। त्यसो भएको भए हामीले पहाडीको मानव-अधिकारलाई सलाम गर्दथ्यौं, साथ दिन्थ्यौं। जनता र हामीले विद्रोह गर्नुपर्दैनथ्यो। आन्दोलन, हड्ताल, जुलुस, बम प्रयोग गर्नुपर्दैनथ्यो तर यहाँ त पहाडीको संसारमै नदेखिएको उल्टो मानव-अधिकार देखियो। आततायीलाई साधु भन्ने, साधुलाई आततायी भन्ने, अपराधीलाई निर्दोष भन्ने, निर्दोषलाई अपराधी भन्ने, कारबाही गर्नुपर्नेलाई पुरस्कृत गर्ने, पुरस्कृत गर्नुपर्नेलाई कारबाहीको माग गर्ने अनि यस्तो उल्टो कतै नभएको मानव-अधिकार पनि मानव-अधिकार हुन्छ ! अनि यस्तो व्याख्या गर्ने पनि मानव-अधिकारवादी हुन्छ ! यो त मानव-अधिकारको ब्रह्माण्डै बदल्ने कुरा भयो ! सत्ताको मातमा अन्धो भएर मानव-अधिकारकै उल्टो व्याख्या गर्ने, मानव-अधिकारवादीको दुरुपयोग गर्ने मानव-अधिकारवादी देखापर्छन् भने त्यस्तालाई मानव-अधिकार हनन् गरेको अपराधमा सजाय दिएर मानव-अधिकारलाई सच्याउनुपर्ने दायित्व सच्चा मानव-अधिकारवादीको काँधमा आएको छ।

यहाँ एकदमै स्पष्ट हुनुपर्छ, नेपालमा कुनै लोकतन्त्र आएको छैन। जनताको व्यवस्था र सत्ता बनेको छैन। यो पुँजीवादी सत्ता हो त्यो पनि दलाल पुँजीवादी सत्ता हो। जसलाई फाल्न नेपालमा बारम्बार विद्रोह र क्रान्ति हुने गरेका छन्। जनयुद्धले यसको अन्त्य नजिक पुर्याएको पक्कै हो तर पुराना र नयाँ दलालहरू मिलेर यो सम्भावनाको घाँटी निमुठेका छन् र नेपाली जनतालाई पुनः दलाल पुँजीवादी सत्ताकै पैतालामुनि पुर्याएका छन्। यहाँ एमाले–माके गठबन्धनलाई जनताको विजय भनेर चिच्याएको पनि दखिन्छ। यो किमार्थ होइन। सत्ता जनताको हातमा नआएसम्म पुरानो सत्ताभित्र काङ्ग्रेस, एमाले, माके जो गए पनि ती दलाल पुँजीवादी सत्ताकै गोरुहरू हुन्। उनीहरू दलाल सत्ताको जुवा र हलोमा जोतिनु र चुटाइ खानुबाहेक कुनै विकल्प छैन। तसर्थ, पहाडीले जसरी लुटतन्त्रलाई लोकतन्त्रको पगरी गुथाएर क्रान्तिकारी जनता र योद्धाहरूविरुद्ध रोष पोखेका छन्, त्यो न लोकतन्त्रको सन्देश हो, न त मानव-अधिकारकै चिन्ता हो। त्यो त लुटेराहरूको सत्ता खतरामा परेपछि दलालहरूमा पैदा भएको आतंकको चित्कार मात्र हो। लुटतन्त्रको रक्षार्थ दलाल दल, नेता र पहाडी जस्ता "मानव-अधिकारवादी" हरूले जति चित्कार छोडे पनि जनताको सत्ता वैज्ञानिक समाजवाद प्राप्त नभएसम्म विद्रोह र क्रान्तिलाई कसैले रोक्न सक्नेछैन।

किटनाशक तथा रोगनाशक विषादी, स्प्रेयर तथा स्प्रेयर पार्ट्स र उन्नत तथा हाईब्रिड बीउबिजनको लागि हामीलाई सम्झनुहोस्।

प्रो. कुलप्रसाद सुवेदी
न्यू पोखरा कृषि सामाग्री भण्डार
मानवअधिकार चोक, चिप्लेढुङ्गा, पोखरा
सम्पर्क नं : ०६१-५२५८००
९८५६०३४६९४

# दलित मुक्ति आन्दोलनको अबको बाटो

दमनद्वारा शान्त पारिएको समुदाय नै दलित हो। समाजमा हक, इज्जत, प्रतिष्ठा समान रूपले प्राप्त गर्न नसकेको वा नदिइएको समुदाय दलित समुदाय हो। धर्म, राज्यसत्ता र कानुनको आधारमा सयौं वर्षदेखि सामाजिक रूपमा 'अछुत' बनाइएका तथा राजनीतिक, आर्थिक, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रका समान अवसरबाट बञ्चित गराइएका, सांस्कृतिक क्षेत्रमा पिछडिएका, सामाजिक कुरीति र अन्धविश्वासले ग्रस्त शोषित-उत्पीडित श्रमजीवी वर्ग नै दलित समुदाय हो।

वैदिककालको अन्ततिर गरिएको बाहुन, क्षेत्री, वैश्य र शूद्रबीचको सामाजिक श्रम विभाजनले शूद्रलाई तल्लो र क्रमशः अरूलाई उच्च वर्णको दर्जा प्रदान गऱ्यो। शूद्रअन्तर्गत मानिने दलित समुदायका कर्म र सेवा अधिकांशतः उत्पादनमूलक कार्यसँग सम्बन्धित रहेका छन् तर श्रमप्रति घृणा गर्ने सामन्तवर्गका लागि भने यी तुच्छ रहेका छन्। श्रमलाई अनादर गर्ने यसै सामन्ती चिन्तनका कारण दलित जनताले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा निकै भयावह उत्पीडन, शोषण र दमनमा पिल्सिँदै आउनुपरेको छ।

दासप्रथा र ब्राह्मणवादको प्रारम्भिक विकाससँगै दलितहरूलाई दासको श्रेणीमा राख्ने काम गरियो। मनुस्मृतिसहितका ब्राह्मणवादी विधिसंहिताहरूले दलितलाई अन्य जातको सेवक घोषित गरे। आर्थिक रूपमा हेर्दा यो दास-स्वामी समाज मुख्यतः सामन्तवादी समाजको शिल्पकर्म र विविध सेवासँग सम्बन्धित रहेको छ। सामन्तवादी समाजमा दलितहरू दस्तकारिता र उच्च वर्गको सेवाका विविध काममा संलग्न रहिआएका छन्। उनीहरूलाई अध्ययन गर्नबाट बञ्चित गरियो र धार्मिक अनुष्ठान, सामाजिक चाडवाड, विवाह, जन्म, मृत्युसहितका सामाजिक गतिविधि, आचार-व्यवहार आदि क्षेत्रमा अन्य वर्णबाट पूरै पृथक राख्ने र अछुत मान्ने गरियो।



चन्द्रबहादुर नेपाली

### दलित समस्या र यसका विविध रूपहरू

दलित समस्या मूलतः सामन्तवादी उत्पादन सम्बन्धको उपज हो। दलित समुदाय वास्तवमा ऐतिहासिककालदेखि नै दास वा अर्धदासका रूपमा मुख्यतः सामन्तवादद्वारा उत्पीडित हुँदै आएको विशिष्ट प्रकारको सर्वहारावर्ग हो। गणतन्त्र स्थापनापछि पनि दलित समस्या ज्युँका त्युँ कायमै छ। दलित समस्याको प्रकृति विशिष्ट रहेको देखिन्छ। यहाँ उत्पीडनका रूप धेरै छन् तर यो कुनै जातीय, क्षेत्रीय, धार्मिक, भाषिक उत्पीडन होइन। दलित समस्या मूलतः सामाजिक तथा सांस्कृतिक उत्पीडनको समस्या हो। तर यत्तिले मात्र दलित समस्याको वास्तविक अन्तर्य बाहिर आउन सक्दैन। वस्तुतः दलित समुदायमाथि हुँदै आएका उक्त उत्पीडनहरूमध्ये आर्थिक उत्पीडन आधारभूत हो र त्यो राजनीतिक उत्पीडनमा केन्द्रित बन्न गएको छ।

दलित समस्याका विविध रूपहरू रहेका छन्। तिनीहरूलाई मुख्यतः चार बुँदामा उल्लेख गर्न सकिन्छ। पहिलो-सामाजिक भेदभावको समस्या, दोस्रो- आर्थिक उत्पीडनको समस्या, तेस्रो-सांस्कृतिक समस्या र चौथो-राजनीतिक उत्पीडनको समस्या। उच्च जात र दलित समुदायका मानिसहरू अर्काको घरमा जानु, खानु, पिउनु, धार्मिक तथा सामाजिक कामहरूमा एउटै ठाउँमा बस्नु, बिहेवारी गर्नु आदि वर्जित छ। दलितहरूको पनि जीवनपद्धति, सोचाइ र व्यवहार असल र अनुकरणीय हुन्छ भन्ने मान्यतालाई स्वीकार गरिँदैन। उत्पादक शक्तिको मन्द विकास, प्राकृतिक अर्थतन्त्र र सामन्ती उत्पादन सम्बन्धको प्रभुत्वको कारण दस्तकारिता र सेवाका कामहरू पुँजीवादी ढंगले विकसित हुन सकेनन्। त्यसै क्रममा नेपालमा साम्राज्यवादको हैकम बढ्दै गयो। फलतः फलाम, सुन, छाला, कपडासहित दस्तकारिताको क्षेत्रमा काम गर्ने दस्तकारहरू एकातिर सामन्तवादी उत्पीडनको चपेटामा परिरहे भने अर्कोतिर साम्राज्यवादको घुसपैठद्वारा विस्थापितसमेत बन्दै आएका छन्। दलितहरूलाई राजनीतिक स्थान दिइयो भने आफूहरू तल परिन्छ भन्ने उच्च जातका मानिसहरूको सोचाइ छ।

### दलित समस्याको सही समाधान

नेपालमा दलित समस्यालाई बुझ्ने र त्यसको समाधान गर्नेबारे विभिन्न कोणबाट चर्चा, परिचर्चा हुँदै आएको छ। उदारतावादी कोणबाट, साम्राज्यवादी कोणबाट, संशोधनवादी कोणबाट र आमूल परिवर्तनको कोणबाट। दलित समस्यालाई वर्गीय होइन, जातको समस्या ठान्नेहरू पनि छन्। आरक्षण प्रणालीद्वारा अंशतः र बिस्तारै-बिस्तारै दलित समस्या समाधान गर्न खोजिएको छ। दलित समस्यालाई हिन्दु धर्मको अन्धविश्वासको उपज ठान्नेहरू पनि छन् र उनीहरू यसैमा खेल्न खोज्दछन्। दलित समस्याप्रति रुचि देखाउनुको पछाडि उनीहरूको स्वार्थ जोडिएको छ। इसाई धर्मको प्रचार-प्रसार र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूको विस्तार गरेर उत्पीडित जनतामा नयाँ भ्रम छर्नु, आफ्ना दलालहरूको तयार पार्नु र क्रान्तिको गला रेट्नु उनीहरूको उद्देश्य हो।

कुनै मौलिक सोचविना दलित मुक्तिको कुरा गर्नेहरू पनि छन्। उनीहरूको उद्देश्य भनेको दलितहरूलाई सुधारका गुलियो आश्वासनहरू चटाउनु र भरपर्दो भोट बैंक बनाउनु रहेको छ। बढीमा उनीहरू संसदीय पुँजीवादी व्यवस्थाअन्तर्गत दलितहरूको पक्षमा केही नियम कानुन बनाउन चाहन्छन्। दलित समस्यालाई वैज्ञानिक ढंगले बुझ्ने र समाधान गर्ने कोण भनेको सच्चा वामपन्थी र क्रान्तिकारीहरूको कोण हो। यो द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित छ। त्यो भनेको नयाँ जनवादी क्रान्ति हो।

वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुभन्दा अगाडिको संक्रमणकालीन चरण नै नयाँ जनवादी क्रान्तिको चरण हो। नयाँ जनवादी क्रान्ति भनेको सामन्तवाद-साम्राज्यवाद विरोधी पुँजीवादी जनवादी कार्यक्रम हो। सामन्तवर्ग र साम्राज्यवादीहरूको शोषण र शासनलाई खत्तम गरी मजदुर किसान र देशभक्त पुँजीवादीहरूका प्रतिनिधिहरू मिली बहुसंख्यक जनताको हितमा काम गर्ने सरकार बनाउने सामाजिक व्यवस्था नै नयाँ जनवाद हो। यसलाई क्रान्तिकारी वर्गको अधिनायकत्व पनि भनिन्छ। सामन्तवादी र साम्राज्यवादी उत्पीडनलाई ध्वस्त पारी आम जनसमुदायसँग एकताबद्ध भै नयाँ जनवादी सत्ताको स्थापना गरेपछि मात्र दलित समस्या वास्तविक अर्थमा समाधान गर्न सकिन्छ।

### चुकेको दलित मुक्ति आन्दोलन

आन्दोलनको लक्ष्य र संघर्षको स्वरूपबीच द्वन्द्वात्मक अन्तरसम्बन्ध हुन्छ र त्यसलाई कसैले मनोगत ढंगले चाहेँदैमा फेरबदल गर्न सक्दैन। दलित मुक्ति आन्दोलनको साझा लक्ष्य जातीय भेदभाव तथा छुवाछूत प्रथाको समूल अन्त्य र समतामूलक समाजको निर्माण हो। आन्दोलन वा संघर्षले बाहिरी रूप र भित्री सार दुवैमा आमूल परिवर्तन ल्याउनुपर्दछ। मानव मुक्तिका निम्ति लडिएका युद्धहरू नै वास्तवमा क्रान्ति हुन् र तिनै क्रान्तिहरूले मानव जातिको भविष्यको बाटो कोर्ने गर्दछन्। सही विचार, क्रान्तिकारी नेतृत्व र वैज्ञानिक कार्यान्वयनको प्रक्रियाद्वारा नै क्रान्ति सफलतामा पुग्दछ।

जातीय भेदभाव तथा छुवाछूत मुक्तिको माग मात्र तेर्स्याउने र खालि सैद्धान्तिक सम्भावनाको कुरा मात्र गर्ने प्रवृत्तिले आन्दोलनको साझा लक्ष्य प्राप्त हुन्छ भनेर सोच्न सकिने स्थिति हुँदैन। सात दशकको दलित मुक्ति आन्दोलन राजनीतिक-सामाजिक संरचनामा कुनै ठूलो चुनौती तेर्स्याउन सक्ने हैसियतसम्म पुग्न नसक्नु विडम्बनाको विषय बनेको छ। अनेक अस्पष्टता र मागमा पनि व्यापक अन्योलता दलित मुक्ति आन्दोलनका बाधक हुन्। त्यस्तै, राजनीतिक दलभित्रको सामान्तवादी प्रवृत्ति र दलित मुक्ति आन्दोलनभित्रको चरम अवसरवादीहरूको आत्मकेन्द्रित मनोवृत्तिले पनि दलित मुक्ति आन्दोलनलाई अल्मल्याएको छ। एजेन्डाभन्दा बाहिर गएर व्यक्तिकेन्द्रित राजनीति गर्ने सोँचभन्दा माथि उठ्नु जरुरी छ। साझा एजेन्डा र साझा रणनीति बनाएर अगाडि बढ्ने कुरामा दलित मुक्ति आन्दोलन चुकेको छ।

### निष्कर्ष

कामको आधारमा जाति विभाजन र त्यसपछि जातीय भेदभाव तथा छुवाछूत प्रथाको चलनबाट प्रारम्भ भएको दलित समुदायमाथिको शोषण, दमन, अन्याय, अत्याचार र भेदभाव अझैसम्म पनि कायमै छ। जुन चीजको अस्तित्व छ, त्यसको विनास हुन्छ भनेर द्वन्द्ववादले बताउँछ। हरचीज निरन्तर परिवर्तन र विकासको स्थितिमा हुन्छ। हरेक विपरीत चीजहरूको बीचमा अन्तर्विरोध हुन्छ। त्यसलाई निश्चित ठाउँ र समयमा ठीक ढंगले हल गर्नु नै सम्भावनाको ढोका खोल्नु हो। द्वन्द्ववादले क्रान्तिको लागि तत्कालीन रूपमा शक्तिशाली वर्गलाई हेर्दैन किनभने द्वन्द्ववादी सिद्धान्तअनुसार जस्तो शक्तिशाली देखिए पनि पुरानोको अनिवार्य ह्रास हुन्छ, पतन हुन्छ, यो निश्चित हो।

वर्ग विभाजित समाजमा वर्गसंघर्ष हुन्छ। दलित मुक्ति आन्दोलन पनि वर्गसंघर्षकै एउटा अंश हो। जबसम्म वर्गीय आन्दोलनद्वारा सामन्तवादको अवशेषको रूपमा रहेको दलाल पुँजीवाद र यसद्वारा पालित-पोषित ब्राह्मणवादको अन्त्य हुँदैन, तबसम्म दलित मुक्ति पनि सम्भव छैन। दलित मुक्ति आन्दोलनलाई वर्गसंघर्षसँग जोडेर अभिन्न अंगको रूपमा विकास गर्नु आजको आवश्यकता हो। यसका लागि वर्ग समन्वयको विरुद्ध वर्गसंघर्ष, क्रान्तिकारी संगठन, संघर्षलाई अवलम्बन तथा बल प्रयोगको सिद्धान्त व्यवहारमा लागु गर्दै लैजानुपर्दछ। सही विचार, राजनीति, योजना र विधिको अंगीकार गर्नु र त्यसलाई जीवन व्यवहारमा प्रयोग गर्नु जरुरी छ।




## उपभोक्ता वर्गमा अनुरोध

१. कारोबार स्थलमा साईनबोर्ड, मूल्यसुचि भए नभएको हेरौं साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य :ब्ए भए नभएको हेरौं।
२. प्याकिङ सामानमा लेवल उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं।
३. उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं।
४. वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डार विधि, उपयोग गर्ने तरिका छ/छैन हेरौं।
५. औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेरौं।
६. सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो। वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं।
७. अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएको पाइएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस विभागमा उजुरी गरौं।

नेपाल सरकार
आपूर्ति मन्त्रालय
आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग
भद्रकालीप्लाजा, काठमाडौं

नियमित

# अजम्बरीगाउँ, सहिदका बा र ओनसरीको आँसु



अम्बिका चन्द

'नेताज्यूलाई शोषित वर्गदेखि पर देखेँ
बीबीसीको पछि पछि सहिदको घर देखेँ
एउँटै मात्र छोरा सहिद भएपछि युद्धमा
डाँडामा साहाराविहीन पीपल र वर देखेँ ।
सहिद परिवारले अझैं राहत नपाएका रे
गोहीका आँसुमा वर्गउत्थानको थर देखेँ ।
नेता र मन्त्रीलाई समाजवाद आएको छ
योद्धाहरू ज्यान पाल्न विदेशिनु कर देखेँ
सपनाको मृत्यु रोज्ने हिम्मत भएन भने
प्रलयको भुँमरीमा कहीँ नबँच्ने जहर देखेँ ।'

बीबीसी नेपाली सेवाको साझा सवाल ५२४ औं अंक 'रोल्पाली जीवन' शीर्षक कार्यक्रम हेरेपछि प्यूठानका एक युवा सीताराम केसीले सामाजिक संजाल फेसबुकमा व्यक्त गरेको विचार हो यो । अघिल्लो हप्ता उक्त साझा सवाल कार्यक्रम रेकर्डको लागि बीबीसीले माओवादी केन्द्रका नेता नेता वर्षमान पुन 'अनन्त' र पूर्वसभामुखसमेत रहेकी पुन-पत्नी ओनसरी घर्तीलाई रोल्पा जेलबाङ पुर्‍यायो । आफ्नो बदलिएको जीवनशैलीमा पुगेका पुन-दम्पत्ती सहिदका पिता मंगले बुढाको निवासमा पुग्दा जनयुद्धकालमा आफूहरू बास बस्ने पुरानो छाप्रो उही हालतमा देखे । अहिले आफ्नो उच्चस्तरको घरानियाँ जीवनशैलीका अगाडि मंगलेबुढाको पुरानो छाप्रोमा अहिलेसम्म सरकारी कोषबाट दिइने राहत नपाएका सहाराविहीन सहिद बा-आमाको कष्टकर जीवन देख्दा ओनसरी घर्ती भावविह्ल भइन् र बोल्नसमेत सकिनन् । बीबीसीले रेकर्डको गरेको उक्त भिडियो सामाजिक सञ्जालमा निकै भाइरल भयो । हजारौंले उक्त भिडियो हेरे र प्रतिक्रिया व्यक्त गरे । धेरैका प्रतिक्रिया धेरैथरीका भए पनि अधिकांशका विचार एक-आपसमा मिल्दा-जुल्दा छन् । प्रायःजसोको निष्कर्ष त्यति ठूलो जनयुद्ध लडेको माओवादीले वर्ग बदलेको र बाटो बिराएको भन्ने छ ।

भिडियो हेरेपछि प्रतिक्रिया दिँदै केएम शर्मा ओलीले जनयुद्धपछि माओवादी केन्द्रमा भ्रष्टाचारीहरू मौलाएको भन्दै के जनयुद्ध, जनसत्ता र जनसेना सीमित नेता वा व्यक्तिलाई सत्तामा पुर्‍याउने भर्‍याङ थियो त भनी प्रश्न गरेका छन् र भनेका छन्- ओनसरीका गोहीका आँसुले सहिद परिवारको पीडा र छाक मेटिँदैन । जनयुद्धकालीन समयमा बनेको सहिदमार्ग रुकुम, रोल्पा सल्यानका जनताले श्रमदान गरेर बनाएको हो तर अहिले रोल्पाका नेताहरूले आफूले जसलिन खोजेको शर्माको भनाइ छ ।

तत्कालीन नेकपा (माओवादी) ले स्थानीय जनसत्ताको अभ्यास गरिरहेको बेला २०६०/०६१ सालतिर दाङदेखि रोल्पा थबाङ जोड्ने सडकखण्डको नुवागाउँ, होलेरी, तिला, घर्तीगाउँ हुँदै थबाङ जोड्ने सहिदमार्ग निर्माण गरेको थियो । त्यतिबेला विभिन्न जिल्लाका मानिसहरूले श्रमदान गरेका थिए । यस्तै जनमुक्ति सेना र पार्टीका कार्यकर्तासमेत महिनौं दिन श्रम गरेका थिए । अहिलेका नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' र स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' त्यतिबेला क्रमशः केन्द्रीय आधार इलाकाको इन्चार्ज र सहायक इन्चार्जको जिम्मेवारीमा थिए । उनीहरूकै मुख्य योजनामा उक्त सहिदमार्ग निर्माण भएको थियो । आजभोलि माओवादी केन्द्रमा रहेका नेताहरूले उक्त सडकलाई आफूहरूले गरेको विकास भन्ने गरेका छन् ।

जनयुद्धका सपनामाथि घात र खेलवाड गर्ने वर्षमान-ओनसरीले जनयुद्धकालको अजम्बरी गाउँ भनेर चिनिने जेलबाङमा पुगेर सहिद बा-आमाको अगाडि किन आँसु झारेको नाटक गरेका होलान् भनी कतिपयले प्रश्न पनि गरेका छन् । कतिपयले यो प्रतिनिधिमूलक घटना भएको र कम्युनिस्ट विचार एवं प्रतिक्रान्तिको ठोस प्रमाण मंगले बुढाको जीवन हो पनि भनेका छन् । आज मंगले बुढाजस्ता सयौं सहिद परिवारको अवस्था निकै दुःखदायी छ भन्ने सयौं प्रतिक्रिया छन् । केही नेता र सीमित मान्छेको जीवन फेरियो, वर्ग उठ्यो तर मंगले र फर्की बुढाहरूको न जीवनस्तरमा कुनै परिवर्तन आयो, न उनीहरूले देखेको सपना नै पूरा भयो, कतिपयको यस्तो भनाइ छ । नेकपाका पोलिटब्युरो सदस्य रणवीर जेलबाङका सहिद परिवारको जीवनले केही गम्भीर प्रश्न उठाएको भन्दै वास्तविक तथ्यहरू पनि उजागर भएको बताउँछन् । उनी भन्छन्- अब नेपालको शान्ति प्रक्रिया पूर्ण रूपमा असफल भएको छ र प्रचण्ड नेतृत्वको क्रान्ति असफल भएपछि साम्राज्यवादीद्वारा कम्युनिस्ट विचार र क्रान्तिप्रति तीव्ररूपमा चौतर्फी हमला भइरहेको छ । यसको उद्देश्य कम्युनिस्ट विचार र क्रान्तिप्रति घृणा जगाउनु हो । यही उद्देश्य सफल बनाउन मंगले बुढाजस्ता सहिद परिवारलाई अबोध दयाको पात्र बनाइएको र संसारभर प्रस्तुत गरिएको नेता रणवीरको भनाइ छ ।' उनी भन्छन्- प्रचण्ड-बाबुरामले जनयुद्धका सपनाहरूको हत्या गरेपछि हामी क्रान्तिको बाटोमा अघि बढेका छौँ, जनयुद्ध गलत थियो भन्ने बनाउनका लागि केही साम्राज्यवादीहरूले जेलबाङका मंगले बुढाजस्ता पात्रहरूलाई चर्चामा ल्याएका हुन् र यो सुनियोजित छ ।

क्रान्ति र परिवर्तनका सपना बाँड्ने नेता र उनका नजिकका व्यक्तिहरूको जीवन निकै बदलिए पनि जनयुद्धकालीन नमुना गाउँहरू थबाङ, जेलबाङका सहिद परिवारको अवस्था बदलिएको छैन । जनयुद्धको बेला तत्कालीन शाहीसेना र प्रहरीले थबाङ र जेलबाङमा आगो लगाएर सयौं घरहरू ध्वस्त पारेको थियो । मगर संस्कृतिअनुसार घरमा घर जोडिएका थबाङ र जेलबाङमा एउटा घरमा लगाएको आगो धेरै घरहरूमा फैलिँदै गएपछि धनजनको ठूलो क्षतिसमेत भएको थियो । दोहोरो लडाइँमा बाहेक जेलबाङमा सेना-प्रहरीले दर्जनौं स्थानीय व्यक्तिहरूलाई पक्राउ गरी मारेको छ । अंगभंग हुने घरबारविहीन हुने र बलात्कृत हुने महिलाहरूको सूची पनि जेलबाङमा निकै लामो छ ।

सीताराम केसीले भनेजस्तै बीबीसीको पछिपछि सहाराविहीन सहिद बा-आमाको झुपडीमा बदलिएको जीवनशैलीमा वर्षमान र अनन्त पुगे । यहाँ हाम्रो पार्टीको ध्यान नपुगेको र पहुँचको कमी भएको रहेछ भनी डाँडामाथिका घाम भइसकेका सहिद माता-पिताका सामु घुमाउरो तरिकाले आफूले बाटो बिराएको कुरा स्वीकार गरे । अनन्तले सहिदको घरको छाना बनाइदिने र राहत दिलाइदिने आश्वासन त दिए तर यो देशमा सरकार र पात्रहरू फेरिए पनि व्यवस्था नफेरिएसम्म मंगले बुढालगायतको जीवन कहिल्यै फेरिनैछैन ।

## प्रचण्डको ...

वैचारिक नीतिको स्वरुप निर्माण र सांगठानिक संरचनाबारे छलफल भएको थियो ।

बैठकमा दुई पार्टीको एकतापछि बन्ने नयाँ पार्टीको वैचारिक नीति के हुने भन्ने विवाद चर्को बहस भएको बताइन्छ । एमालेले मार्क्सवाद, लेलिनवाद र जनताको बहुदलीय जनवादलाई आफ्नो प्रमुख विचार मान्दै आएको छ भने माओवादी केन्द्रले माओवादलाई प्रमुख मान्दै आएको छ । एमालेका उपमहासचिव घनश्याम भुसालले एकतासँगै तत्कालीन महासविच मदन भण्डारीबाट प्रतिपादित जवजको 'च्याप्टर क्लोज' नै भइसकेको बताएपछि विवादले उग्ररुप लिएको बताइन्छ ।

माओवादी केन्द्रमा पनि नयाँ पार्टीको वैचारिक नीतिमा पनि उत्तिकै विवाद छ । अध्यक्ष पुष्पकमल दाहालले जबज नेपाली कम्युनिस्टको मौलिक विचार भएको भन्दै त्यसलाई स्वीकार्न समस्या नहुने बताइसकेका छन्, यो कुराले पनि माकेमा ठूलो तरङ्ग सिर्जना गरेको बताइन्छ । त्यस्तै, सांगठानिक संरचनाका विषयमा चर्को विवाद रहेको बताइन्छ ।

ओली जिवास, बालकोटमा बसेको उक्त बैठकले एकताका लागि वैचारिक, राजनीतिक र सांगठानिक सहमति खोज्न संयुक्त कार्यदल बनाइएको कुरा समाचारमा जनाइएको छ ।

राजनीतिक विश्लेषकहरू भन्छन्, माके-एमाले एकताका सन्दर्भमा वैचारिक, राजनीतिक र सांगठानिक मिलाउने कुरा केवल नौटंकी हुन् । विदेशी शक्तिकेन्द्रको दबाबमा प्रचण्ड एकताका लागि मरिहत्ते गरिरहेका छन् । प्रचण्डले एमालेबिना आफ्नो राजनीतिक जीवन पूरै अन्धकार देखेका छन् । जति-जति समय घर्किंदै जान्छ, उति-उति प्रचण्डको धड्कन बढ्नुको कारण पनि यही हो ।












निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ